राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी गरिएका

# निर्देशिका, कार्यविधि, मापदण्ड, निर्देशनहरुको संग्रह

नेपाल सरकार

**राष्ट्रिय सहकारी नियमन प्राधिकरण**

पुल्चोक, ललितपुर

राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी गरिएका

# निर्देशिका, कार्यविधि, मापदण्ड, निर्देशनहरूको संग्रह

नेपाल सरकार

## राष्ट्रिय सहकारी नियमन प्राधिकरण

पुल्चोक, ललितपुर

**निर्देशिका, कार्यविधि, मापदण्ड, निर्देशनहरुको संग्रह**

**प्रकाशन** : २०८३

**प्रकाशक** : नेपाल सरकार
राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर

**इमेल** : admin@ncra.gov.np

**वेवसाइटः** www.ncra.gov.np

**सम्पर्क नं.** : +९७७-०१-५०१०१३१, ५०१०२३७

**मुद्रण** : एम.एस. प्रिन्टिङ्ग सोलुसन, ०१-४१०८११०
msprintingsolution@gmail.com

*द्रष्टव्यः यस संग्रहमा कुनै विवरण फरक परेको पाइएमा प्रमाणित दस्तावेज बमोजिम हुनेछ ।*

# विषय-सूची


| संग्रहको विवरण | पेज नं. |
|---|---|
| बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ | १ |
| सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०८२ | ३३ |
| बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ | ३७ |
| बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको साधारण सभा सञ्चालन सम्बन्धमा जारी निर्देशन, २०८२ | ५१ |
| बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ संस्थामा गरिने सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण कार्यविधि, २०८२ | ५५ |
| Guideline on Targeted Financial Sanctions for Cooperatives, 2025 | ७५ |
| बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई जारी गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८२ | ९३ |
| बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड, २०८२ (दोस्रो संशोधन) बमोजिम जारी गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन | १३३ |

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२

*स्वीकृती मितिः २०८२/०२/०९*

*प्रथम संशोधन : २०८२/०८/०९*

*दोस्रो संशोधन : २०८३/०३/०८*

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको कारोबारलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सहकारी ऐन, २०७४ को दफा १०३ज. ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद १:

## प्रारम्भिक

१. **प्रारम्भिक**

१.१ यस मापदण्डको नाम "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२" रहेको छ।

१.२ यो मापदण्ड प्राधिकरणबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डको प्रयोजनका लागिः

२.१ "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्छ।

२.२ "कर्जा सूचना केन्द्र" भन्नाले ऐनको दफा ८१ बमोजिमको कर्जा सूचना केन्द्र सम्झनु पर्छ।

२.३ "ठुलो कारोबार गर्ने संस्था" भन्नाले पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन अनुरुप २५ करोड रुपैयाँभन्दा बढी बचत रहेको वा ऋण बक्यौता रहेको संस्था सम्झनु पर्छ।

२.४ "धितो मूल्याङ्कनकर्ता" भन्नाले संस्थाले ऋण प्रवाह गर्ने प्रयोजनका लागि सदस्यबाट लिने सुरक्षणको मूल्यांकन गराउने प्रयोजनका लागि तोकेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

२.५ "नियमनकारी निकाय" भन्नाले संस्थाको नियमन गर्न सहकारी सम्बन्धी प्रचलित कानूनले तोकिदिएको निकाय सम्झनु पर्छ।

२.६ "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनु पर्छ।

२.७ "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ बुहारी र दिदी बहिनी सम्झनु पर्छ।

तर सो शब्दले अंशबण्डा गरी मानो छुट्टिइ आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

२.८ "प्राधिकरण" भन्नाले सहकारी ऐन, २०७४ को दफा १०३क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनु पर्छ।

२.९ "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ।

२.१० "बैंक तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

२.११ "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

२.१२ "मुख्य कारोबार" भन्नाले संस्था वा संघले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको

दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा पचास प्रतिशत ◆भन्दा बढी हिस्सा भएको कारोबार सम्भनुपर्छ।

२.१३ "शेयर पूँजी" भन्नाले संस्थाले सदस्यहरुलाई शेयर बिक्री गरी संकलन गरेको पूँजी सम्भनु पर्छ।

२.१४ "सहकारी बैंक" भन्नाले ऐनको दफा १२ बमोजिम गठन भएको सहकारी बैंक सम्भनु पर्छ।

२.१६ "संस्था" भन्नाले सहकारी ऐन, २०७४ को दफा ३ बमोजिम गठन भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था सम्भनुपर्छ र सो शब्दले ऐनको दफा २(फ) बमोजिमका सहकारी संस्था समेत सम्भनु पर्छ।

२.१७ "सुरक्षण" भन्नाले संस्थाले ऋण दिँदा धितोस्वरुप लिएको प्रचलित कानूनबमोजिम मान्य हुने सम्पत्ति सम्भनु पर्छ। सो शब्दले सदस्यले आफ्नो खातामा रहेको बचत धितो राखी ऋण लिएमा त्यस्तो बचतलाई समेत जनाउँछ।

## परिच्छेद २:
## वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था

### १. स्रोत संकलन सीमा

१.१ संस्थाले सदस्यहरुबाट मात्र बचत संकलन गर्नुपर्नेछ।

१.२ संस्थाले प्राथमिक पूँजी कोषको १५ गुणासम्म बचत संकलन गर्न सक्नेछ।

१.३ संस्थाले बैंक तथा वित्तीय संस्था र सहकारी बैंकबाट आफ्नो कूल सम्पत्तिको पाँच प्रतिशतसम्म ऋण लिन सक्ने छ तर यसरी ऋण लिँदा पूँजीकोषको शत प्रतिशत भन्दा बढी ऋण लिन पाइने छैन।

---

◆ दोस्रो संशोधनद्वारा संशोधित

तर ५१ प्रतिशत वा सोभन्दा बढी लगानी सामूहिक जमानीमा गर्ने सहकारी संस्थाको हकमा कूल सम्पत्तिको २० प्रतिशत वा पूँजी कोषको १० गुणासम्म (जुन कम हुन्छ त्यो सीमासम्म) ऋण लिन सक्नेछ।

२. **प्रति सदस्य बचत संकलन सीमा**

२.१ संस्थाले प्रति सदस्य बचत संकलन सीमा सहकारी संस्थाको प्राथमिक पूँजी कोषको दश प्रतिशतसम्म हुनेछ। यो मापदण्डको प्रयोजनका लागि संस्थाले प्राथमिक पूँजीको गणना गर्दा आर्थिक वर्षको पहिलो महिनाको पहिलो दिन (साउन १) र सातौं महिनाको पहिलो दिन (माघ १) एक गते संस्थाले प्राथमिक पूँजी गणना गरी बचतको सीमा निर्धारण गर्नु पर्नेछ।

२.२ वि.सं २०८१ चैत्र १८ अघि कायम रहेको बचतको हकमा सो मितिबाट एक वर्षभित्र बुँदा नं. २.१ को सीमाभित्र ल्याईसक्नु पर्नेछ।

३. **बचत संकलन**

३.१ संस्थाले साधारण, नियमित र तीन वर्ष अवधिसम्मका आवधिक प्रकारका बचत खाताहरु सञ्चालन गर्न सक्नेछ।

तर नियमित वचतको अंश कूल वचतको न्यूनतम पच्चीस प्रतिशत कायम गर्नुपर्नेछ।

३.२ संस्थाले स्वीकार गर्ने बचत परिचालन सम्बन्धी कार्यविधि साधारणसभाबाट स्वीकृत गराई लागू गर्नुपर्नेछ।

४. **स्रोत खुलाउनु पर्ने**: सदस्यले दश लाख रुपैयाँभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रुपमा स्रोत खुलाउनु पर्नेछ।

## परिच्छेद ३:

## ऋणको सीमा, वर्गीकरण र व्यवस्थापनसम्बन्धी व्यवस्था

१. **ऋण तथा लगानीको सीमा**

१.१ सदस्यता लिएको न्यूनतम तीन महिना नपुगेका सदस्यहरुलाई संस्थाले ऋण लगानी गर्न सक्ने छैन। तर कम्तीमा छ महिना नपुगेको सदस्यहरुलाई बिनाधितो ऋण लगानी गर्न सक्ने छैन।

१.२ संस्थाले प्रति सदस्य प्राथमिक पूँजीको अधिकतम १५ (पन्ध्र) प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न सक्ने छैन ।

१.३ संस्थाले नियमित बचत गरिरहेका सदस्यलाई निजको बचत रकमको पाँच गुणा वा बढीमा रु. तीन लाखमध्ये जुन कम हुन्छ सो बराबरको रकममात्र बिना धितो ऋण प्रवाह गर्न सक्नेछ । यसरी बिना धितो कर्जा प्रवाह गर्दा कम्तीमा दुई जना सदस्यहरुको जमानी लिनुपर्नेछ ।

१.४ सञ्चालकले बुँदा नं १.३ बमोजिमको ऋण तथा आफ्नो बचतको सुरक्षणमा प्राप्त हुने ऋण (बुँदा नं २.१) बाहेक यो मापदण्ड लागू भएपछि कुनै प्रकारको थप ऋण लिन पाउने छैन ।

१.५ संस्थाले ऐनको दफा ५० को उपदफा (६) को बमोजिम शेयर तथा ऋणपत्रमा लगानी गर्न सक्नेछ ।

१.६ संस्था विगत तीन वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालनमा रहेको, सञ्चित नोक्सानी नरहेको र न्यूनतम पूँजीकोष कायम रहेको अवस्थामा प्राथमिक पूँजीको बढीमा २५ प्रतिशत वा जगेडा कोषको बढीमा ५० प्रतिशतसम्म (जुन कम हुन्छ सोही बराबर) हुन आउने रकम बराबरको जग्गा/भवन कार्यालय प्रयोजनका लागि प्रतिस्पर्धात्मक विधिबाट पारदर्शी रुपमा खरिद/निर्माण गर्न सक्नेछ । उपरोक्त शर्तहरु विपरीत सम्पत्ति खरिद/निर्माण गरेमा सो बराबरको रकम प्राथमिक पूँजी गणना गर्दा घटाउनु पर्नेछ । सम्पत्ति खरिद/निर्माण गर्दा साधारणसभाको कम्तीमा ५१ प्रतिशत बहुमतको निर्णयबाट मात्र गर्नुपर्नेछ र सम्पत्ति खरिद/निर्माण गरिएको जानकारी ३० दिनभित्र नियमनकारी निकायमा दिनुपर्नेछ ।

१.७ ऐनको दफा ३ को उपदफा (५) बमोजिम गठन भएका संस्थाबाहेक ठुलो कारोबार गर्ने संस्थाले कूल ऋणको न्यूनतम ५० प्रतिशत कृषि, उद्योग र व्यवसाय सञ्चालन/बिस्तार लगायत उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्नु पर्नेछ । उक्त सीमाभित्र नरहेका संस्थाले २०८३ असार मसान्तसम्म यस्तो सीमा कायम गरी सक्नुपर्नेछ ।

१.८ संस्थाले कृषि, उद्योग र व्यवसाय सञ्चालन गर्ने उद्देश्यका लागि ऋण प्रवाह गर्दा किस्ता/व्याज भुक्तानी गर्न उपयुक्त ग्रेस अवधि प्रदान गर्न सक्नेछ। यस्तो ग्रेस अवधि तय गर्दा कर्जाको प्रयोजन अनुसारको ग्रेस अवधि कायम गरी सञ्चालक समितिबाट स्वीकृत गर्नुपर्नेछ। संस्थाले लगानी गर्ने कुनै पनि ऋणको ग्रेस अवधि पूरा भएपछि तीन महिनाभन्दा बढी अन्तरालमा पर्ने गरी साँवाको किस्ता निर्धारण गर्न पाइने छैन। यस्तो ग्रेस अवधि तय गर्दा कर्जाको प्रयोजन अनुसारको ग्रेस अवधि कायम गरी सञ्चालक समितिबाट स्वीकृत गर्नु पर्नेछ।

१.९ संस्थाले ऋणीको सम्पत्ति धितो राखी बैंक तथा वित्तीय संस्था र सहकारी बैंकबाट ऋण लिँदा ऋणीले संस्थाबाट लिएको ऋण रकमभन्दा बढी ऋण लिन पाउने छैन। तर संस्थाको सञ्चालकले आफ्नो स्वामित्वको सम्पत्ति धितो राखी आफू आवद्ध संस्थाको संस्थागत प्रयोजनका लागि लिइने ऋणलाई यस व्यवस्थाले बाधा पुगेको मानिने छैन।

## २. सुरक्षणसम्बन्धी व्यवस्था

२.१ संस्थाले सदस्यको बचतको सुरक्षणमा बढीमा ९० प्रतिशतसम्म ऋण प्रवाह गर्नसक्नेछ।

२.२ संस्थाले अचल सम्पत्तिको धितोमा ऋण प्रवाह गर्दा उप/महानगरपालिकामा रहेको धितो मूल्याङ्कनको बढीमा ६० प्रतिशत सम्म र नगर/गाउँपालिकामा रहेको धितोको हकमा बढीमा ७० प्रतिशत सम्म ऋण प्रदान गर्नसक्नेछ।

२.३ संस्थाले ऋणी सदस्य स्वयंमको वा निजको एकाघर परिवारको धितोमा मात्र ऋण प्रवाह गर्नुपर्नेछ। यस मापदण्ड जारी हुनुअघि सदस्य स्वयंमको वा निजको एकाघर परिवारको धितोबाहेक तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋणलाई २०८३ असार मसान्तसम्ममा नियमित गरिसक्नुपर्नेछ।

२.४ संस्थाले ऋणी सदस्यलाई परियोजनाको सुरक्षणमा प्रवाह गरिएका ऋणमा कूल परियोजना लागतको ८० प्रतिशतसम्म मात्र किस्तावन्दीमा ऋण प्रवाह गर्न सक्नेछ।

२.५ संस्थाले आफ्ना सदस्यहरुको सदस्यता वापतको शेयरको धितोमा ऋण प्रवाह गर्न पाइनेछैन।

२.६ संस्थाले सम्भाव्य परियोजनाको स्थापना र विकासका लागि सोही परियोजना धितोमा रहने गरी उक्त परियोजनाको प्रगतिको आधारमा किस्तावन्दीमा कर्जा प्रवाह गर्न सक्नेछन्।

३. **ऋणको वर्गीकरणः** संस्थाले प्रवाह गरेको ऋणलाई किस्ता/व्याज भुक्तानी अवधिका आधारमा देहायबमोजिम वर्गीकरण गर्नुपर्नेछ।

३.१ सक्रिय ऋण (Performing Loan)ः सक्रिय ऋणमा निम्नानुसारका असल (Pass) ऋण पर्नेछन्।

(क) भाखा ननाघेका वा भाखा नाघी ३ महिना व्यतित नभएको।

(ख) सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको ऋण।

३.२ निश्क्रिय ऋण (Non Performing Loan)ः निश्क्रिय ऋणमा निम्नानुसारका ऋण पर्ने छन्ः

(क) कमसल (Sub Standard)ः ३ देखि ६ महिनासम्म भाखा नाघेका ऋण।

(ख) शंकास्पद (doubtful)ः ६ देखि १२ महिनासम्म भाखा नाघेका ऋण।

(ग) खराब (loss)ः १२ महिनाभन्दा बढीले भाखा नाघेका ऋण।

४. **ऋण नोक्सानी व्यवस्था**

४.१ संस्थाले बुँदा नं ३ बमोजिम वर्गीकरण गरिएका ऋणको लागि बक्यौता रकमको आधारमा देहायबमोजिम ऋण नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछः

| ऋण वर्गीकरण | | न्यूनतम ऋण नोक्सानी व्यवस्था |
|---|---|---|
| (क) | असल | १ प्रतिशत |
| (ख) | कमसल (Sub Standard) | २५ प्रतिशत |
| (ग) | शंकास्पद (Doubtful) | ५० प्रतिशत |
| (घ) | खराब (Loss) | १०० प्रतिशत |

नोट : असल ऋणको लागि गरिएको ऋण नोक्सानी व्यवस्थालाई "सामान्य ऋण नोक्सानी व्यवस्था (General Loan Loss Provision)" र अन्य ऋणको लागि गरिएको ऋण नोक्सानी व्यवस्थालाई "विशेष ऋण नोक्सानी व्यवस्था" (Specific Loan Loss Provision)" को रुपमा लिइनेछ।

४.२ कुनै एक किस्ताले भाखा नाघेमा सम्पूर्ण वक्यौता ऋण रकमलाई नै किस्ता रकमको भाखा नाघेको अवधिको आधारमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ।

४.३ संस्थाले आवश्यकताअनुसार जोखिम पहिचानका आधारमा तोकिएकोभन्दा बढी ऋण नोक्सानी व्यवस्था कायम गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

४.४ संस्थाले भाखा नाघेको वा ननाघेको कुनै पनि ऋणलाई देहायबमोजिमको अवस्थामा खराब ऋणमा वर्गीकरण गर्नुपर्नेछ।

क) यस मापदण्ड जारी हुनुपूर्व तेस्रो पक्षको धितोमा प्रवाह गरिएका ऋण वा भौगोलिक कार्यक्षेत्र बाहिरको परियोजना/व्यवसायमा प्रवाहित ऋण।

ख) धितो/जमानी नलिई प्रवाह गरिएको व्यक्तिगत ऋण।

५. **ऋण पुर्नसंरचना तथा पुर्नतालिकीकरण**: विशेष परिस्थितिमा प्राधिकरणद्वारा मापदण्ड जारी भएको अवस्थामा मात्र ऋणीले उचित कारणसहित लिखित अनुरोध गरेमा सञ्चालक समितिको निर्णयअनुसार निश्चित अवधिको लागि मात्र ऋण पुर्नतालिकीकरण वा पुनर्संरचना गर्न सकिनेछ।

६. **धितो फुकुवा सम्बन्धमाः** ऋण लगानी बमोजिम असूल उपर गर्नु पर्ने सम्पूर्ण रकम असूल भई सकेपछि सुरक्षण वापत राखिएको धितो ऋणी सदस्यले अनुरोध गरेको ७ कार्यदिनभित्र फुकुवाको लागि अनिवार्य रुपमा सम्बन्धित कार्यालयमा लेखी पठाउनुपर्नेछ।

७. **धितो सकार गरेको सम्पत्तिसम्बन्धी व्यवस्था**

७.१ संस्थाले ऋण असूल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभएमा आफैँले सकार गर्नु पर्नेछ। सकार गर्दा धितोको प्रचलित बजार मूल्य वा धितो सकार गर्ने अघिल्लो दिनसम्म असूल गर्नु पर्ने रकम मध्ये जुन कम हुन्छ सोही मूल्यमा सकार गर्नु पर्नेछ। यदि धितोको बजार मूल्य बक्यौता असूली गर्नु पर्ने रकमभन्दा कम भएमा कम भएजति रकम सोही आर्थिक वर्षमा नाफा/नोक्सान हिसाबमा खर्च गर्नुपर्नेछ।

७.२ धितो सकार गरेको सम्पत्तिमा सकार गरेकै मितिदेखि शत-प्रतिशत नोक्सानी व्यवस्था कायम गरी यथाशीघ्र बिक्री गर्नुपर्नेछ।

*तर यस दफा अनुसार नोक्सानी व्यवस्था कायम नगरी गैर बैंकिङ सम्पत्ति सकारेका सहकारी संस्थाको हकमा निम्न सर्तका अधिनमा रही एक पटकको लागि २०८३ असार मसान्तसम्म गैर बैंकिङ सम्पत्तिका लागि ५० प्रतिशत नोक्सानी व्यवस्था कायम गर्न सक्नेछन् । यस व्यवस्थाले संस्थाले चाहेमा सतप्रतिशत नोक्सानी व्यवस्था गर्न बाधा पर्ने छैन :

*(क) यो व्यवस्था २०८२ असार मसान्तभन्दा अगाडि नै सकार गरिसकेका धितोको हकमा मात्र लागू हुनेछ । त्यसरी सकार गरेको धितोको हकमा आर्थिक वर्ष २०८२/०८३ मा ५० प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ।

*(ख) गैर बैंकिङ सम्पत्ति सकार गर्दा त्यस्ता सम्पत्तिको पुनः मूल्याङ्कन गर्नुपर्नेछ। यसरी गरिने मूल्याङ्कन फरक मूल्याङ्कनकर्ताद्वारा गराउनुपर्नेछ।

---

* प्रथम संशोधनद्वारा थप

*(ग) धितो सकार गरी सतप्रतिशत नोक्सानी व्यवस्था नगर्ने सहकारी संस्थाले कर्जाको सतप्रतिशत कर्जा नोक्सानी व्यवस्था नगरेसम्म नाफाबाट कुनै किसिमको लाभांस तथा बोनस वितरण गर्न पाउने छैन ।

(घ)* एक करोडभन्दा बढी रकमको गैर बैंकिङ सम्पत्ति रहेका सहकारी संस्थाको हकमा गैर बैंकिङ सम्पत्तिको बिक्री गर्ने सम्बन्धी समयतालिका सहितको कार्ययोजना सञ्चालक समितिबाट स्वीकृत गरी बाह्य लेखापरीक्षकबाट प्रमाणित गराएर प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

८. **विवरण पेश गर्नु पर्ने**: संस्थाले ऋण वर्गीकरण र ऋण नोक्सानी व्यवस्थासम्बन्धी विवरण प्रत्येक त्रयमास समाप्त भएको १५ दिन भित्र तालिका ३.१ र ३.२ बमोजिम सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।

९. **ऋण/लगानीको सीमा कायम गर्नु पर्ने**: यो मापदण्ड विपरीत भएको ऋण तथा लगानीलाई २०८३ असार मसान्तभित्र तोकिएको सीमाभित्र ल्याउनुपर्नेछ ।

---

* प्रथम संशोधनद्वारा थप ।

**तालिका ३.१**

........................ सहकारी संस्था लिमिटेड

धितो सकार गरेको सम्पत्ति (त्रैमासिक)

२० ..... साल ...... महिनाको विवरण

| क्र.सं. | ऋणीको नाम | धितो सकार गरेको मिति | कूल धितो सकार गरेको सम्पत्ति रकम (रु) | नोक्सानी व्यवस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| कूल जम्मा | | | | |

**तालिका ३.२**

....................सहकारी संस्था लिमिटेड

ऋण वर्गीकरण र सोको लागि नोक्सानी व्यवस्थाको विवरण (त्रैमासिक)

(रु लाखमा)

| क्र.सं | विवरण | रकम |
|---|---|---|
| १. | सक्रिय ऋण | |
| १.१ | असल ऋण | |
| २ | निश्क्रिय ऋण | |
| २.१ | कमसल | |
| २.२ | शंकास्पद | |
| २.३ | खराब | |
| ३ | कूल ऋण (१+२) | |
| ४ | ऋण नोक्सानी व्यवस्था | |
| ४.१ | असल | |
| ४.२ | कमसल | |
| ४.३ | शंकास्पद | |
| ४.४ | खराब | |
| ४.५ | अतिरिक्त | |
| ४.६ | तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋणका लागि थप | |
| ४.७ | भौगोलिक कार्यक्षेत्र बाहिरको परियोजना/व्यवसायमा प्रवाहित ऋणका लागि थप | |
| ४.८ | धितो/जमानी नलिई प्रवाह गरिएको व्यक्तिगत ऋण | |
| ५ | गत त्रयमाससम्मको ऋण नोक्सानी व्यवस्था | |
| ५.१ | असल | |
| ५.२ | कमसल | |

| क्र.सं | विवरण | रकम |
|---|---|---|
| ५.३ | शंकास्पद | |
| ५.४ | खराब | |
| ५.५ | अतिरिक्त | |
| ५.६ | तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋणका लागि थप | |
| ५.७ | भौगोलिक कार्यक्षेत्र बाहिरको परियोजना/व्यवसायमा प्रवाहित ऋणका लागि थप | |
| ५.८ | धितो/जमानी नलिई प्रवाह गरिएको व्यक्तिगत ऋण | |
| ६ | यस त्रयमासको नोक्सानी व्यवस्था | |
| ७ | यस त्रयमासको लागि थप ऋण नोक्सानी व्यवस्था | |
| ८ | यस त्रयमासमा थप/फिर्ता | |
| ९ | कूल ऋण नोक्सानी व्यवस्था (५+६+७ ) | |

मिति

अधिकृतको नाम

अधिकृतको दस्तखत

## परिच्छेद ४:

## तरल सम्पत्ति सम्बन्धी व्यवस्था

१. संस्थाले कूल बचत दायित्वको कम्तिमा १५ प्रतिशत तरल सम्पत्ति कायम गर्नु पर्नेछ। तरल सम्पत्ति मापन गर्दा देहाय वमोजिमको सम्पत्ति समावेश गर्नुपर्नेछ।

(क) भल्टमा रहेको नगद मौज्दात,

(ख) सरकारी ऋणपत्रमा गरेको लगानी,

(ग) नेपाल राष्ट्र बैकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप खातामा रहेको रकम,

(घ) इजाजतपत्रप्राप्त सहकारी बैंकमा रहेको निक्षेप, र

(ङ) नेपाल राष्ट्र बैकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था र इजाजतपत्र प्राप्त सहकारी बैंकमा रहेको मुद्दती निक्षेपको ९० प्रतिशत रकम । तर तरल सम्पत्ति गणना गर्ने प्रयोजनको लागि यस्तो रकमलाई संस्थाको कूल बचतको अधिकतम पाँच प्रतिशतसम्म गणना गर्न सकिनेछ।

(च) खण्ड (क), (ख), (ग), (घ) र (ङ) को व्यवस्था बाहेक सहकारी संस्थाहरूले अन्य संघ संस्थामा रहेको बचतलाई समेत अधार मानि तरलता कायम गर्ने गरिएको भए दुई वर्षभित्र यो मापदण्ड बमोजिम नै हुने गरी तरल सम्पत्ति कायम गर्नुपर्नेछ।

२. मुद्दती निक्षेप वा सरकारी ऋणपत्रको धितोमा ऋण लिएको भए सो बक्यौता ऋण रकमलाई तरल सम्पत्ति गणना गर्दा घटाउनुपर्नेछ।

३. संस्थाले तरल सम्पत्तिको गणना साप्ताहिक औसतको आधारमा मासिक रुपमा गर्नुपर्नेछ।

४. संस्थाले तालिका ४.१ बमोजिम तरल सम्पत्तिको मासिक विवरण महिना समाप्त भएको सात दिनभित्र सम्बन्धित नियमनकारी निकायमा पठाउनुपर्नेछ।

**तालिका ४.१**

............... सहकारी संस्था लिमिटेड

तरल सम्पत्तिसम्बन्धी विवरण (मासिक)

२०.... साल....महिना....गतेदेखि २०.... साल....महिना....गतेसम्म

| क्र. सं | विवरण | पहिलो हप्ता | दोस्रो हप्ता | तेस्रो हप्ता | चौथो हप्ता | औसत |
|---|---|---|---|---|---|---|
| १ | कूल बचत | | | | | |
| २ | २.१ कूल तरल सम्पत्ति<br>२.२ भल्टमा रहेको नगद मौज्दात,<br>२.३ सरकारी ऋण पत्रमा गरेको लगानी<br>२.४ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको निक्षेप खातामा रहेको रकम।<br>२.५ इजाजतपत्र प्राप्त सहकारी बैंकमा रहेको निक्षेप<br>२.७ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था र इजाजतपत्र प्राप्त सहकारी बैंकमा रहेको मुद्दती निक्षेपको ९० प्रतिशत रकम | | | | | |
| ३ | अन्य संघ वा सहकारी संस्थामा रहेको रकम | | | | | |
| ४ | घटाउने<br>मुद्दती निक्षेप वा सरकारी ऋणपत्रको धितोमा ऋण लिएको रकम | | | | | |
| ५ | कूल तरल सम्पत्ति | | | | | |

मितिः कार्यकारी प्रमुख/व्यवस्थापक/प्रबन्धकः

## परिच्छेद ५:

## व्याजदर सम्बन्धी व्यवस्था

१. व्याजदर निर्धारण

१.१ संस्थाले सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिम तोकिएको सन्दर्भ व्याजदरको आधारमा बचत र ऋणको व्याजदर निर्धारण गर्नुपर्नेछ।

१.२ संस्थाले समान प्रकृतिको बचत र ऋणमा प्रकाशित गरेको व्याजदर सबै सदस्यको लागि समान रुपमा लागू गर्नुपर्नेछ।

१.३ बचत र ऋणको व्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी हुन हुँदैन। व्याजदर गणना गर्दा बचत र ऋणको भारित औसत व्याजदरलाई आधार मान्नुपर्नेछ।

१.४ संस्थाले बचतको र ऋणको व्याजदर मासिक रुपमा पुनरावलोकन गर्नसक्नेछ।

२. व्याजदर र सेवा शुल्क सञ्चालक समितिले निर्धारण गर्नु पर्ने

२.१ संस्थाले आफ्ना सदस्यहरुबाट संकलित बचतमा दिने र ऋणमा लिने व्याजदर, व्याज गणना विधि, हर्जाना लगाउने विधि र प्रशासनिक सेवा शुल्क सम्बन्धमा संस्थाको सञ्चालक समितिबाट निर्णय गराई लागू गर्नुपर्नेछ।

२.२ ऋण प्रवाह गर्दा प्रशासनिक सेवा शुल्क, व्याज र हर्जाना व्याज बाहेक अन्य शुल्क लिन पाईने छैन। तर सदस्य ऋणीहरुका लागि कर्जा सूचना केन्द्र लिमिटेड जस्ता अन्य संस्था/निकायमार्फत् सेवा लिने सन्दर्भमा सो सेवावापत त्यस्ता संस्था/निकायहरुलाई भुक्तानी गर्नुपर्ने लागतसम्म मात्र सेवा शुल्क असूल गर्न सकिनेछ।

२.३ संस्थाले ऋणमा घट्दो मौज्दातको आधारमा दिनगन्ती हिसाबले तोकिएको दरमा व्याज गणना गरी लिनुपर्नेछ।

३. विवरण पेश गर्नु पर्नेः बचत तथा ऋणको व्याजदर, व्याज गणना विधि, हर्जाना लगाउने विधि र सेवा शुल्कसम्बन्धी विवरण प्रत्येक त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित नियमनकारी निकायमा पेश गर्नुपर्नेछ।

## परिच्छेद ६:

## पूँजीकोषसम्बन्धी व्यवस्था

१. संस्थाले कूल जोखिम भारित सम्पत्तिको न्यूनतम ४ प्रतिशत प्राथमिक पूँजी (Core Capital) अनुपात कायम गर्नुपर्नेछ र सो गणना गर्दा देहायबमोजिम गर्नुपर्नेछ।

१.१ प्राथमिक पूँजीमा शेयरपूँजी, जगेडा कोष, घाटा पूर्ति कोष र सञ्चित नाफा/नोक्सानी शीर्षकहरुमा रहेको रकम।

प्राथमिक पूँजी (रु) = शेयरपूँजी+जगेडा कोष+घाटा पूर्ति कोष+सञ्चित नाफा/नोक्सानी

१.२ प्राथमिक पूँजी अनुपात देहायबमोजिम मापन गर्नुपर्दछ।

प्राथमिक पूँजी अनुपात = प्राथमिक पूँजी/ कूल जोखिम भारित सम्पत्ति ×१००

२. ठुलो कारोबार गर्ने संस्थाले न्यूनतम प्राथमिक पूँजी अनुपातको अतिरिक्त देहायबमोजिम पूरक पूँजी (Supplementary Capital) मापन गरी कूल जोखिम भारित सम्पत्तिको न्यूनतम ८ प्रतिशत पूँजी कोष (प्राथमिक पूँजी +पूरक पूँजी) अनुपात कायम गर्नुपर्नेछ।

२.१ पूरक पूँजी मापनमा देहायबमोजिमको रकम समावेश गर्नुपर्नेछ।

(क) सक्रिय ऋणको ऋण नोक्सानी व्यवस्था,

(ख) सक्रिय बाहेकका अन्य ऋणको हकमा तोकिएभन्दा बढी ऋण नोक्सानी व्यवस्था गरिएको भएमा त्यस्तो अतिरिक्त ऋण नोक्सानी रकम। तर उपर्युक्त शीर्षकहरुमा रहेको कूल रकम संस्थाको कूल जोखिम भारित सम्पत्तिको १.५ प्रतिशत भन्दा बढी हुने गरी पूरक पूँजीमा समावेश गर्न पाइने छैन।

(ग) सम्पत्ति पुनर्मूल्याङ्कन कोषमा रहेको रकम। तर यस कोषमा रहेको रकम वा कूल पूरक पूँजीको २ प्रतिशतमध्ये जुन कम हुन्छ सोही रकम मात्र समावेश गर्नुपर्नेछ।

(घ) प्रयोजन किटान नगरिएका अन्य कोषहरुमा रहेको रकम ।

२.२ कूल पूँजीकोष अनुपात देहायबमोजिम मापन गर्नुपर्दछ ।

कूल पूँजीकोष अनुपात = (प्राथमिक पूँजी + पूरक पूँजी)/कूल जोखिम भारित सम्पत्ति ×१००

२.३ कूल पूँजी कोष गणना गर्ने प्रयोजनको लागि प्राथमिक पूँजीको अधिकतम शतप्रतिशत मात्र पूरक पूँजी हुनुपर्नेछ ।

जोखिम भारित सम्पत्ति (Risk Weighted Assets)

प्राथामिक पूँजीकोष र कूल पूँजीकोष गणना गर्ने प्रयोजनको लागि सम्पत्तिलाई देहायबमोजिम भार (Weighted) प्रदान गर्नु पर्नेछ । जोखिम भारित सम्पत्तिको गणना गर्दा संस्थाको वासलातको सम्पत्ति तर्फको रकमबाट सो सम्पत्तिको नोक्सानी बापत गरिएको विशेष ऋण नोक्सानी व्यवस्थाको रकमलाई घटाई आउने रकमलाई दिइएको भार अंकले गुणा गरी योग निकाल्नुपर्दछ ।

| सम्पत्तिको प्रकार | जोखिम भार (प्रतिशत) |
|---|---|
| नगद मौज्दात | ० |
| सरकारी ऋणपत्रमा गरेको लगानी | ० |
| आफ्नै आवधिक बचतको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको ऋण | ० |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २० |
| इजाजतप्राप्त सहकारी बैंकमा रहेको मौज्दात | २० |
| धितोमा आधारित ऋण | १०० |
| बिना धितो प्रवाह भएको ऋण | १०० |
| स्थिर सम्पत्ति | १०० |
| अन्य सम्पत्ति | १०० |
| ऐनले तोकेबमोजिमका अन्य लगानीहरु | १०० |
| तेस्रो पक्षको धितोमा प्रवाह भएको सापटी/ऋण | १५० |

४. न्यूनतम पूँजीकोष अनुपात परिपालना

४.१ संस्थाले यो मापदण्ड लागू भएको तीन महिनाभित्र पूँजीकोषको विवरण नियमनकारी निकायमा पेश गर्नुपर्नेछ। संस्थाको प्राथमिक पूँजी अनुपात र पूँजीकोष अनुपात नपुग भएमा २०८३ असार मसान्तसम्म यस्तो अनुपात कायम गरिसक्ने गरी कार्ययोजना समेत पेश गर्नुपर्नेछ।

४.२ पूँजीकोषको अनुगमन लेखा सुपरिवेक्षण समितिले प्रमाणित गरेको पछिल्लो त्रयमासको वासलात तथा नाफा/नोक्सान हिसाबको विवरणको आधारमा गर्नुपर्नेछ।

४.३ संस्थाले प्रत्येक त्रयमास समाप्त भएको एक महिनाभित्र तालिका ६.१ र ६.२ अनुसार पूँजीकोषसम्बन्धी विवरण तयार गरी नियामक निकायमा पठाउनुपर्नेछ।

४.४ संस्थामा न्यूनतम पूँजीकोष कायम नभएसम्म लाभांश घोषणा तथा वितरण गर्न पाइनेछैन। नपुग पूँजीकोष देहायबमोजिम पूरा गर्नसकिनेछ।

क) सदस्यहरुबाट थप शेयर पूँजी उठाएर,

ख) खुद मुनाफामध्येबाट साधारण जगेडा कोषमा सारेर।

४.५ संस्थाले ऐनमा भएको व्यवस्थाअनुसार जगेडा कोष खडा गर्नुपर्नेछ। ऊक्त कोषमा देहायबमोजिमका रकम रहनेछन्।

(क) आर्थिक वर्षको खुद बचत (खुद मुनाफा) रकमको कम्तिमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

**तालिका ६.१**

.........सहकारी संस्था लि.

पूँजीकोष र पूँजीकोष पयार्प्तता अनुपात तालिका

(२०..../अषाढ/पौषमसान्त)

पूँजीकोष तालिका

(रु. हजारमा)

| विवरण | चालु अवधि | गत अवधि |
|---|---|---|
| (क) प्राथमिक पूँजी | | |
| १) शेयरपूँजी | | |
| २) जगेडा कोष | | |
| ३) घाटा पुर्तिकोष | | |
| ४) सञ्चित नाफा/ नोक्सानी | | |
| (ख) पूरक पूँजी | | |
| १) सक्रीय ऋणको लागि गरेको ऋण नोक्सानी व्यवस्था | | |
| २) अतिरित्त ऋण नोक्सानी व्यवस्था | | |
| ३) सम्पत्ति पुर्नमूल्याङ्कन कोष | | |
| ४) स्वतन्त्र जगेडा | | |
| (ग) जम्मा पूँजीकोष (क+ख) | | |
| (घ) जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्यूनतम पूँजीकोष | | |
| पूँजीकोष (......... प्रतिशत) | | |
| प्राथमिक पूँजी (........ प्रतिशत) | | |
| पूँजीकोष (अधिक/ न्यून) (......... प्रतिशतले) | | |
| प्राथमिक पूँजी (अधिक/न्यून) (........ प्रतिशतले) | | |

मितिः आधिकारिक दस्तखतः

**तालिका ६.२**

......सहकारी संस्था लिमिटेड

जोखिम भारित सम्पत्ति विवरण तालिका

(२०..../असार/पौष मसान्त)

(रु.हजारमा)

| सम्पत्तिको विवरण | भार | चालु अवधि | | गत अवधि | |
|---|---|---|---|---|---|
| | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| रकम मौज्दात | ० | | | | |
| सरकारी ऋणपत्रमा गरेको लगानी | ० | | | | |
| सदस्यको खातामा रहेको बचत धितो राखी प्रवाह गरेको ऋण | ० | | | | |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २० | | | | |
| इजाजतप्राप्त सहकारी बैंकमा रहेको मौज्दात | २० | | | | |
| धितोमा आधारित ऋण | १०० | | | | |
| बिना धितो प्रवाह भएको ऋण | १०० | | | | |
| स्थिर सम्पत्ति | १०० | | | | |
| अन्य सम्पत्ति | १०० | | | | |
| ऐनले तोकेबमोजिमका अन्य लगानीहरु | १०० | | | | |
| तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋण | १५० | | | | |
| कूल जोखिम भारित सम्पत्ति जम्मा | | | | | |

द्रष्टव्यः जोखिम भारित सम्पत्तिको गणना गर्दा संस्थाको वासलातको सम्पत्ति तर्फको रकमबाट सो सम्पत्तिको नोक्सानी बापत गरिएको विशेष व्यवस्थाको रकमलाई घटाई आउने रकमलाई दिइएको भार अंकले गुणा गरी योग निकाल्नु पर्दछ ।

मितिः अधिकृतको दस्तखतः

## परिच्छेद ७:

## संस्थागत सुशासनसम्बन्धी व्यवस्था

१. **सञ्चालक समिति**

१.१ सञ्चालक समितिमा अध्यक्षसहित कम्तिमा पाँच र बढीमा नौ जना सदस्य रहन सक्नेछन् । उपलब्ध भएसम्म समितिमा कम्तिमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व निश्चित गर्नुपर्नेछ । यो मापदण्ड प्रारम्भ हुनुअघि निर्वाचित भएका सञ्चालकको हकमा निजहरुको कार्यकाल समाप्तीपश्चात्त यो व्यवस्था लागू हुनेछ ।

१.२ परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीको रुपमा निर्वाचित हुन पाउने छैन ।

१.३ कुनै पनि व्यक्ति कुनै एक तहको सहकारी संस्थाको संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लेखा समितिको संयोजक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागी निर्वाचित हुन सक्ने छैन ।

१.४ कुनै पनि सदस्य एकै अवधिमा एकभन्दा बढी संस्थाको सञ्चालक वा पदाधिकारी हुन पाइनेछैन ।

१.५ सञ्चालक समितिमा निर्वाचित हुनका लागि प्रचलित कानूनबमोजिम कालोसूचीमा नपरेको वा कालोसूचीमा परेको भएमा फुकुवा भएको मितिले तीन वर्ष पुरा भएको हुनुपर्नेछ ।

१.६ सञ्चालकले आफू जमानी बसी कुनै पनि ऋण प्रवाह गर्न पाईने छैन ।

१.७ सञ्चालक कालो सूचीमा परेमा र आफैले वा परिवारका सदस्यले लिएको ऋण र जमानी दिएको ऋण खराव वर्गमा वर्गीकृत भएमा त्यस्तो सञ्चालक स्वत; पदमुक्त हुनेछ । तर समस्याग्रस्त संस्थाको हकमा प्रचलित व्यवस्थाबमोजिम हुनेछ ।

१.८ सञ्चालकले आफ्नो पदको दुरुपयोग गरी कुनै प्रकारको व्यक्तिगत फाइदा हुने वा संस्थालाई हानी हुने क्रियाकलापहरुमा संलग्न हुनुहुदैन ।

२. **सञ्चालक समितिको जिम्मेवारी तथा आचरण**

२.१ संस्थाको कर्मचारी प्रशासन, बचत संकलन, ऋण लगानी तथा असूलीलगायत आवश्यक कार्यविधि साधारण सभाबाट स्वीकृत गराई लागू गर्नुपर्नेछ।

२.२ लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, आन्तरिक र बाह्य लेखा परीक्षण प्रतिवेदन कार्यन्वयन गर्नु/गराउनुपर्नेछ।

२.३ नियमनकारी निकायले माग गरेको विवरण उपलब्ध गराउनुको साथै त्यस्तो निकायले दिएको मापदण्डको पूर्ण पालना गर्नु/गराउनुपर्नेछ।

२.४ साधारण सभाले पारित गरेको वासलात र नाफा/ नोक्सान विवरण नियमनकारी निकायले तोकेको ढाँचामा प्रकाशन गर्नुपर्नेछ।

२.५ सञ्चालक समिति, प्रमुख कार्यकारी/ प्रबन्धक/व्यवस्थापक र कर्मचारीहरुको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव एवं आचार संहितासम्वन्धी कार्यविधि तर्जुमा गरी लागू गर्नुपर्नेछ।

२.६ संस्थाको कारोबारको सिलसिलामा प्राप्त कुनै पनि सूचना अनधिकृत व्यक्तिलाई दिन वा दुरुपयोग गर्नहुँदैन।

२.७ संस्थाको दैनिक कार्य सञ्चालनमा हस्तक्षेप गर्न हुदैंन। तर वार्षिक रु दुई करोड रुपैयाँभन्दा कमको कारोबार गर्ने रहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन। वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भएमा यस मापदण्ड जारी भएको तीन महिनाभित्र कुनै एउटा पद त्याग गर्नुपर्नेछ।

२.८ सञ्चालक समितिका पदाधिकारी र कर्मचारीहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण तयार गरी संस्थामा पेश गर्नुपर्नेछ।

## ३. लेखा सुपरिवेक्षण समितिको गठन र जिम्मेवारी

३.१ सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा तोकिएबमोजिमको योग्यता पुगेका संयोजक र दुई सदस्य रहने गरी साधारण सभाबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नुपर्नेछ।

३.२ लेखा सुपरिवेक्षण समितिले विद्यमान ऐन, नियमावली र मापदण्डहरुको अधीनमा रही प्रत्येक त्रैमासमा आन्तरिक लेखापरीक्षण सम्पन्न गराउनुपर्नेछ।

३.३ वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गरी प्रचलित ऐन नियम, मापदण्ड, नियमनकारी निकायले दिएको निर्देशन, र साधारण सभाको निर्देशन एवं निर्णयबमोजिम कार्यसम्पादनको नियमित अनुगमन गरी सञ्चालक समितिसक्षम प्रतिवेदन पेश गर्नुपर्नेछ।

## ४. कार्यकारी प्रमुख/संस्था प्रमुखको नियुक्ति तथा आचरण

४.१ कार्यकारी प्रमुख/प्रबन्धक/व्यवस्थापकको रुपमा नियुक्त हुन देहायको योग्यता पूरा गरेको हुनुपर्नेछः

(क) संस्थाबाट आफूले वा एकाघर परिवारको नाममा ऋण नलिएको,

(ख) फौजदारी अभियोगमा कारबाही नभएको,

(ग) कालोसूचीमा नपरेको वा कालोसूचीबाट फुकुवा भएको तीन वर्ष पूरा भएको,

(घ) अन्य सहकारी संस्थाहरुमा संलग्न नभएको,

(ङ) राजनैतिक दलको सदस्य नभएको,

(च) २१ वर्ष उमेर पूरा भएको,

(छ) ठूला कारोबार गर्ने सहकारी संस्था बाहेकको हकमा न्यूनतम शैक्षिक योग्यता दश जोड दुई वा प्रवीणता प्रमाणपत्र तह र ठुलो कारोबार गर्ने संस्थाहरुको हकमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ।

४.२ सञ्चालकको एकाघर परिवारको व्यक्ति कार्यकारी प्रमुख/संस्था प्रमुखको रुपमा कार्य गर्न पाउने छैन।

४.३ कार्यालय प्रमुखको नियुक्तिसम्बन्धी जानकारी नियमनकारी निकायलाई १५ दिनभित्र दिनुपर्नेछ।

४.४ पदको दुरुपयोग गरी कुनैपनि किसिमको व्यक्तिगत फाइदा हुने वा संस्थालाई हानि हुने क्रियाकलापमा संलग्न हुनुहुँदैन।

४.५ संस्थामा गोप्य रहनुपर्ने सूचना/विवरण अनधिकृत व्यक्तिलाई दिन वा दुरुपयोग गर्नहुँदैन।

४.६ संस्थाको कारोबारसँग सम्बन्धित कागजात, अभिलेख र प्रतिवेदन कानूनबमोजिम तोकिएको अवधिसम्म सुरक्षित र दुरुस्त राख्नुपर्दछ।

४.७ कार्यकारी प्रमुख/संस्था प्रमुख/व्यवस्थापकको कार्यअवधि ४ वर्षको हुनेछ। कार्य सम्पादन मूल्याङ्कनको आधारमा सञ्चालक समितिलाई उपयुक्त लागेमा थप एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ। यो मापदण्ड जारी भएको मितिपछि भएको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिलाई पहिलो नियुक्ति (कार्यकाल) मानिनेछ। तर वार्षिक दुई करोडसम्मको कारोबार भएका सहकारी संस्थाहरुको हकमा यो व्यवस्था लागू हुनेछैन।

४.८ कार्यकारी प्रमुख/संस्था प्रमुखको सेवा सुविधा सञ्चालक समितिले तोकेबमोजिम हुनेछ र वार्षिक प्रतिवेदनमा निजलाई उपलब्ध गराएको सम्पूर्ण सेवा सुविधा स्पष्ट खुलाउनुपर्नेछ। उक्त प्रतिवेदनमा स्पष्ट उल्लेख गरिएको बाहेकको सेवा सुविधा लिन पाइनेछैन।

## ५. कर्मचारीले पालना गर्नुपर्ने आचरणसम्बन्धी व्यवस्था

५.१ कर्मचारीले प्रत्यक्ष/अप्रत्यक्ष रुपमा संस्थाको हितविपरित हुने कुनै प्रकारको क्रियाकलापमा संलग्न हुनुहुँदैन।

५.२ पदको दुरुपयोग गरी व्यक्तिगत लाभ हुने क्रियाकलापमा संलग्न हुनुहुँदैन।

५.३ कर्मचारीले आफु कार्यरत रहेको संस्थाबाहेक अन्य संस्थामा आंशिक (part time) रुपमा काम गर्न वा अन्य व्यावसायिक गतिविधिमा संलग्न हुनुभन्दा पहिले संस्थाको व्यवस्थापनबाट लिखित स्वीकृति लिनु पर्नेछ। संस्थाको हितमा प्रतिकूल असर नपर्ने भएमा मात्र संस्थाले निजलाई आंशिक काम गर्न लिखित स्वीकृति दिनसक्नेछ।

५.४ संस्थाको स्वीकृत कर्मचारी कार्यविधिमा उल्लेखित ऋण, सापटी तथा सुविधा मात्र प्रदान गरिनेछ। संस्थाको सदस्यसरह बचत सुरक्षण बाहेक ऋण र अन्य सुविधा लिन पाइने छैन। संस्थाको कारोबारको सिलसिलामा प्राप्त कुनै पनि सूचना अनधिकृत व्यक्तिलाई दिन वा दुरुपयोग गर्न हुँदैन।

५.५ कर्मचारीले अनधिकृत रुपमा संस्थाको लेखा, अभिलेख र कागजातमा व्यक्तिगत रुपमा थपघट गर्नु हुँदैन।

५.६ कर्मचारीले आचरण वा नियम उल्लंघन गरेमा संस्थाको स्वीकृत कर्मचारी कार्यविधिअनुसार कारबाही गरी अभिलेख (record) राख्नु पर्नेछ। संस्थाले कर्मचारीलाई गरेको कारबाही सम्बन्धी विवरण अर्धवार्षिक रुपमा सम्बन्धित नियामक निकायमा प्रत्येक अर्धवार्षिक अवधि समाप्त भएको एक महिनाभित्र लिखित जानकारी गराउनुपर्नेछ।

६. **कर्मचारीको दक्षता अभिवृद्धि सम्बन्धी**: संस्थाले कर्मचारीको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कूल तलबभत्ता खर्चको कम्तिमा दुई प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्नेछ।

७. **लेखापरीक्षण सम्बन्धी व्यवस्था**:

७.१ नेपाल चार्टड एकाउण्टेण्ट्स संस्थाबाट मान्यताप्राप्त लेखापरीक्षकबाट प्रचलित लेखापरीक्षणको सामान्य सिद्धान्तअनुसार वार्षिक लेखापरीक्षण गराउनुपर्नेछ।

७.२ लेखापरीक्षकको नियुक्ति प्रचलित कानूनको रीत पुर्याई साधारण सभाबाट गर्नुपर्नेछ।

७.३ लेखापरीक्षकको व्यक्तिगत विवरण, कार्य अनुभव र प्रमाणपत्रको प्रतिलिपि नियमनकारी निकायमा पेश गर्नुपर्नेछ।

७.४ एउटै लेखापरीक्षकलाई लगातार तीन पटकभन्दा बढी नियुक्ति गर्न पाइनेछैन।

७.५ लेखापरीक्षकले लेखापरीक्षण गरी पेश गरेको वित्तीय प्रतिवेदनको पूर्ण रुपमा जवाफदेहिता वहन गर्नुपर्नेछ।

७.६ ठुलो कारोबार गर्ने संस्थाले सम्भव भएसम्म आन्तरिक लेखा व्यवस्थापनका लागि सीए/एसीसीए वा व्यवस्थापनमा स्नातक उत्तीर्ण भएको कर्मचारी पूर्ण वा आंशिक रुपमा नियुक्त गर्नुपर्नेछ।

## परिच्छेद ८:

## सदस्य संरक्षण सम्बन्धी व्यवस्था

१. सदस्यको ऋण बक्यौता र बचत रकम कायम रहेसम्म संस्थाको सदस्यता कायम राख्नुपर्दछ।

२. सदस्यले संस्थाको सदस्यता त्याग गरेको वा निष्काशित भएको अवस्थामा निजले पाउनुपर्ने शेयरको रकम, लिन बाँकी शेयर लाभांश बराबरको रकम, लिन बाँकी संरक्षित पूँजी फिर्ता वापतको रकम सो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको तीस दिनभित्र फिर्ता दिनुपर्नेछ। तर संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पूँजीबाट समानुपातिक रुपमा घटाई बाँकी रकम मात्र सदस्यलाई फिर्ता दिनुपर्नेछ।

३. सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम फिर्ता गर्नुपर्नेछ।

४. सदस्यहरुलाई साधारण सभाको जानकारी ३० दिन अगावै गराउनुपर्नेछ।

५. ऐन, नियमावली र नियमनकारी निकायले तोकेभन्दा बढी सेवा शुल्क लिन पाइने छैन।

६. संस्थाले देहायबमोजिमको विवरणहरु संलग्न संक्षिप्त विवरण/पुस्तिका तयार गरी सदस्यलाई उपलब्ध गराउनुपर्नेछ।

(क) बचत खाताको विवरण,

(ख) सदस्यताका लागि प्रवेश शुल्क र प्रक्रिया,

(ग) ब्याजदर र ब्याजदर गणना गर्ने विधि,

(घ) विद्युतीय माध्यममार्फत कारोबार गर्दा लाग्ने शुल्क,

(ङ) ऋण लिँदा लाग्ने सेवा शुल्क र नवीकरण शुल्क, र

(च) सदस्यता त्यागपश्चात प्राप्त हुने रकम/कलम विवरण।

७. संस्थाले आधारभूत सेवा सुविधा र सो को प्रक्रियाबारे संक्षिप्त जानकारी दिन सबैले देख्ने ठाउँमा सदस्य वडापत्र टाँसी अद्यावधिक गर्नुपर्नेछ।

८. संस्थाले नयाँ सदस्य बनाउनुपूर्व तथा ऋण लगानी पूर्व वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण प्रशिक्षण प्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

९. बचत र ऋणको ब्याजदर तथा सेवा शुल्क परिवर्तन भएमा सदस्यलाई उपयुक्त माध्यमबाट यथाशिघ्र जानकारी गराउनुपर्नेछ।

१०. सदस्यलाई ऋण प्रवाह गर्दा संस्थामा रहेको निजको खातामार्फत् मात्र प्रवाह गर्नुपर्नेछ।

११. सदस्यबाट हुने गुनासो/उजुरीको समाधान/कार्यान्वयन संयन्त्रको व्यवस्था गर्नुपर्नेछ। ठुलो कारोबार गर्ने संस्थाले गुनासो सुनुवाई अधिकारी र सूचना अधिकारीको समेत व्यवस्था गर्नुपर्नेछ।

## परिच्छेद ९:

## विविध

१. **निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी व्यवस्थाः** यस मापदण्डको परिपालना सुनिश्चित गर्न नियमनकारी निकायबाट स्थलगत र गैरस्थलगत निरीक्षण तथा सुपरिवेक्षण कार्यविधि तर्जुमा गरी लागूहुनेछ।

२. **कार्यविधि तर्जुमा गर्नु पर्नेः** संस्थाले साधारण सभाबाट सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ र यस मापदण्ड कार्यान्वयनको लागि आन्तरिक कार्यविधि स्वीकृत गरी लागू गर्नु पर्नेछ। उक्त कार्यविधिमा कम्तिमा कर्जा प्रवाहका मापदण्ड, कारोबार सञ्चालन मापदण्ड, तरलता व्यवस्थापन मापदण्ड र संस्थाको भौतिक सुरक्षा प्रबन्धसम्बन्धी मापदण्ड समावेश गर्नुपर्नेछ।

३. **सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी व्यवस्थाः** संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ तथा सहकारी विभागबाट जारी भएको "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसस्थालाई जारी गरिएको निर्देशन, २०७४ (संशोधन सहित)" को पूर्ण परिपालना गर्नु पर्नेछ। सो परिपालना नगर्ने संस्थालाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम कारबाही हुनेछ।

◆३.१. संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम २० क. को खण्ड (क) बमोजिम उपयुक्तताको मापन सम्बन्धी मापदण्ड बमोजिम समावेश गर्न पर्ने विषयहरुको विवरण नियमित अद्यावधिक गर्नु पर्नेछ।

◆३.२. संस्थाले बुँदा नं. ३.१ बमोजिमको विवरण सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम २०क. को खण्ड (ख) बमोजिमको अवस्थामा नियमनकारी निकायमा दिनुपर्नेछ।

४. **कर्जा सूचना सम्बन्धी व्यवस्थाः** संस्थाले कर्जा सूचना केन्द्रको सदस्यता लिनु पर्नेछ। निश्चित रकमभन्दा बढीको ऋण स्वीकृति गर्नुपूर्व ऋण सूचना लिनुपर्ने व्यवस्था, सो को सेवा शुल्क र कालोसूची सम्बन्धी व्यवस्था

◆ दोस्रो संशोधनद्वारा थप।

नियमनकारी निकायले निर्धारण गरेबमोजिम हुनेछ।

५. **संरक्षित पूँजी फिर्ता कोषबाट रकम वितरण गर्नुपर्नेसम्बन्धी व्यवस्था**: सहकारी ऐनको दफा ६९ बमोजिमको संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यलाई रकम फिर्ता गर्दा नियमावली को नियम २५ अनुरुप गर्नुपर्नेछ।

६. **वित्तीय विवरण पेश गर्नुपर्ने**: विभागमा रहेको सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली मार्फत् वित्तीय विवरण पेश गर्ने गर्नुपर्नेछ।

७. **अद्यावधिक गर्नुपर्ने**: संस्थालाई अद्यावधिक गर्दा साधारण सभा, आवधिक निर्वाचन, लेखापरीक्षण, नियामकीय निकायमा पेश गरेका वित्तीय विवरणहरु र कर चुक्ता प्रमाणपत्र समावेश गरी ऐनले तोकेबमोजिम संस्थालाई अद्यावधिक गर्नुपर्नेछ।

८. **संस्थाले गर्न नहुने कार्यहरु**: प्रचलित कानूनले गर्न नहुने भनी तोकेका कार्यहरुका अतिरिक्त संस्थाले वासलात वाहिरको कारोबार (जस्तैः प्रतीत पत्र, जमानत आदि) गर्न, अधिबिकर्ष (overdraft) ऋण दिन, व्यापार/व्यवसाय गर्ने नियतले मालसामानहरु खरिद बिक्री गर्न, व्यापारिक प्रयोजनको लागि चल अचल सम्पत्ति खरिद गर्न, सुनचाँदीका धितोमा ऋण प्रवाह गर्न, बिदेशी मुद्राको कारोबार गर्न, चिट्ठा वा उपहार योजनाहरु सञ्चालन गर्नुहुँदैन।

९. **धितो मूल्याङ्कन सम्बन्धी व्यवस्था**: संस्थाले निश्चित रकमभन्दा माथिको ऋणको धितो मूल्याङ्कन गर्दा अनिवार्य रुपमा सूचीकृत धितो मूल्याङ्कनकर्ताबाट गराउनु पर्नेछ। संस्थाले धितो मूल्याङ्कन सम्बन्धमा शुल्क तथा मापदण्ड लगायतका विषयहरु समावेश गरी कार्यविधि बनाई लागू गर्नुपर्नेछ।

१०. **मापदण्डको परिपालना**:

१०.१ यो मापदण्डको परिपालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

१०.२ यो मापदण्डको परिपालना नगर्ने/नगराउने संस्थालाई ऐन बमोजिमको कारबाही हुनेछ।

११. **व्याख्याको अधिकार**: यो मापदण्डको अन्तिम व्याख्या गर्ने अधिकार प्राधिकरणमा रहनेछ।

# सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको निर्देशन, २०८२

# सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको निर्देशन, २०८२

*निर्देशन नं. १ २०८१/०८२* *प्रमाणीकरण मितिः २०८२/०३/२२*

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ/संस्थाहरुको लागि सहकारी ऐन, २०७४ को दफा १०३ ज बमोजिम यो निर्देशन जारी गरिएको छ।

१. आफ्ना सदस्यहरुसँग नियमित रुपमा सम्पर्क गर्दै वित्तीय साक्षरता अभिवृद्धि र सदस्य केन्द्रित कारोबारमार्फत विश्वास आर्जन गर्ने ।

२. ऋण तथा बाँकी बक्यौता असूलीलाई थप प्रभावकारी बनाई आफ्ना सदस्यहरुको माग गरेको बखत बचत रकम फिर्ता गर्ने प्रबन्ध गर्ने ।

३. परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीलाई कर्जाचुक्ता गर्न परेको कठिनाईलाई दृष्टिगत गरी ऋणी सदस्यलाई परेको प्रभाव मूल्याङ्कन गरी देहायका शर्तहरुको आधारमा ३ महिनाभित्र निवेदन लिई बढीमा एक वर्षसम्मका लागि पूनर्तालिकीकरण गर्न सकिनेः

   क) ऋणीले कर्जा तिर्न नसकेको कारण सहितको निवेदन पत्र,

   ख) खराब ऋणीको सूचीमा नपरेका र यस अघी यस्तो सूविधा नलिएको,

   ग) कर्जामा पाकेको व्याजको १० प्रतिशत व्याज भुक्तानी गरेको,

   घ) पूनर्तालिकीकरण गर्दा एक तह माथिको ऋण वर्गमा वर्गीकरण गर्न सकिने र सोही बमोजिम ऋण नोक्सानी व्यवस्थामा (Loan Loss Provision) समायोजन गर्न सकिने,

   ङ) पूनर्तालिकीकरण गर्दा ऋण नोक्सानी व्यवस्थाबाट Write Back भएको रकम संचित मुनाफा खाता खर्च गरी छुट्टै खातामा लेखाङ्कन गर्नुपर्ने । यसरी लेखाङ्कन गरिएको रकमबाट लाभांश तथा कर्मचारी बोनस वितरण गर्न नपाईने,

च) पूनर्तालिकीकरण गरेबापत ऋणी सदस्यबाट कुनै प्रकारको शूल्क/हर्जना लिन नपाईने

४. पूनर्तालिकीकरण गरिएका ऋणको किस्ता लगातार ६ महिनासम्म नियमित भए पश्चात त्यस्ता कर्जाको ऋण नोक्सानी व्यवस्थाबाट Write Back गरिएको रकम मात्र छुट्याई सञ्चित मुनाफा खातामा लेखाङ्कन गर्न सकिने ।

५. आर्थिक वर्ष २०८१/०८२ को अवधिभित्र पाकेको व्याज आगामी श्रावण १५ गतेभित्र भुक्तानी गरेमा आ.व. २०८१/०८२ को आयको रुपमा गणना गर्न सकिने ।

६. सहकारी संस्थाले बैंक तथा वित्तीय संस्था, सहकारी बैंक तथा अन्य संघसंस्थाबाट कूल सम्पत्तिको पाँच प्रतिशतसम्म लिएको ऋणलाई समेत स्रोत संकलन सिमाभित्र कायम गर्न सकिने । यसभन्दा अघि सो सिमाभन्दा बढी लिएको ऋणको हकमा आगामी आर्थिक वर्षसम्ममा सिमाभित्र कायम गर्नुपर्ने ।

७. "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२" बमोजिम धितो लिलाम गर्दा बिक्री नभई संस्थाको नाममा सकार गरेको सम्पत्तिको प्रचलित व्यवस्था बमोजिम कायम राखिएको नोक्सानी व्यवस्थालाई पूँजी पर्याप्तताको लागि गणना गर्न सकिने ।

८. सहकारी संघ/संस्थाले आफ्नो कर्जाको स्थिति हेरी तोकिएको न्यूनतम कर्जा नोक्सानी व्यवस्थाको अतिरिक्त थप कर्जा नोक्सानी व्यवस्था कायम गर्न चाहेमा कर्जा नोक्सानी थप गर्न सकिने ।

९. सहकारी ऐन, नियमावली, मापदण्ड तथा यस निर्देशन विपरित कार्य गरेको पाइएमा कानून बमोजिम कारबाही गरिनेछ ।

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२

*स्वीकृती मितिः २०८२/०४/०५*

*प्रथम संशोधन : २०८२/०५/०९*

*दोस्रो संशोधन : २०८२/१०/०८*

*तेस्रो संशोधन : २०८२/११/०९*

*चौंथो संशोधन : २०८३/०२/०५*

*पाँचौं संशोधन : २०८३/०३/०८*

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको प्रभावकारी नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्न तथा सहकारी ऐन, २०७४ को दफा २०क. बमोजिमको वर्गीकरण प्रयोजन समेतको लागि सस्थाहरुको अभिलेखीकरण गरी कार्य सञ्चालन इजाजतपत्र प्रदान गर्न वाञ्छनीय भएकोले, सहकारी ऐन, २०७४ को दफा १०३ज. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले देहाय बमोजिमको मापदण्ड जारी गरेको छ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम “बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२” रहेको छ।

(२) यो मापदण्ड प्राधिकरणले स्वीकृत गरी सूचना जारी गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "अभिलेखीकरण" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई ऐनको दफा १०३ज. को उपदफा (१) को खण्ड (क) तथा प्राधिकरणबाट जारी दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ अनुसारको दर्ता अभिलेखीकरण सम्झनु पर्छ।

◈ क.१. "अन्य कारोबार" भन्नाले बचत तथा ऋण बहुउद्देश्यीय, कृषि बाहेकका अन्य प्रकृतिका सहकारी संस्थाहरुको कारोबारलाई सम्झिनुपर्छ।

(ख) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ग) "नवीकरण" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई यस प्राधिकरणबाट प्रदान गरेको सञ्चालन इजाजतपत्रलाई प्राधिकरणले तोकेको प्रक्रिया अनुसार गरिएको नवीकरण सम्झनु पर्छ।

(घ) "प्राधिकरण" भन्नाले ऐनको दफा १०३ क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(च) "मुख्य कारोबार" भन्नाले सहकारी संस्थाले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा

◈ तेस्रो संशोधनद्वारा थप।

बिक्री कारोबारमा कम्तीमा पचास✦ प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ।

(छ) "विद्युतीय प्रणाली" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण लगायतको प्रयोजनको लागि प्राधिकरणले विकास गरेको विद्युतीय प्रणालीहरूलाई सम्झनु पर्छ।

(ज) "सञ्चालन इजाजतपत्र" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको सञ्चालन इजाजतपत्र वा कारोबार गर्न प्रदान गरेको स्वीकृतिपत्र वा अनुमतिपत्र सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद–२

## सहकारी संस्थाको दर्ता अभिलेखीकरण सम्बन्धी व्यवस्था

३. **सहकारी संस्थाको दर्ता अभिलेखीकरण गर्नुपर्नेः**

(१) संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणमा दर्ता अभिलेखीकरण गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमका सहकारी संस्थाले प्राधिकरणको विद्युतीय प्रणालीमार्फत अनुसूची-१ बमोजिमको विवरण प्रविष्ट गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अभिलेखीकरण हुने सहकारी संस्थाले अनुसूची -२ बमोजिमको दस्तुर तोकिएको बैंक खातामा जम्मा गरी सो को भौचरप्रति विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

---

✦ चौंथो संशोधनद्वारा संशोधित।

(४) उपदफा (१) बमोजिम दर्ता हुने सहकारी संस्थाले प्राधिकरणले दर्ता अभिलेखीकरणका लागि २०८३/०३/३२ सम्म✦ विद्युतीय प्रणालीमा विवरण प्रविष्ट गरिसक्नु पर्नेछ।

तर विशेष परिस्थितिको अवस्थामा प्राधिकरणले समयावधि थप गर्न सक्नेछ।

४. **सहकारी संस्थाको सञ्चालन इजाजतपत्रः**

(१) दफा ३ बमोजिम दर्ता अभिलेखीकरण हुने सहकारी संस्थाले अनुसूची-१ बमोजिम प्रविष्ट गरेको विवरण रुजु गरी प्रक्रिया पुरा भएका सहकारी संस्थालाई अनुसूची- ३ बमोजिमको ढाँचामा विद्युतीय प्रणाली मार्फत सञ्चालन इजाजतपत्र जारी गर्नेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघ, प्रदेश र स्थानीय सरकारले समस्याग्रस्त घोषणा गरी कारबाहीको प्रक्रियामा रहेका सहकारी संस्थालाई दर्ता अभिलेखीकरण प्रक्रियामा समावेश गरिने छैन।

(३) यस दफा बमोजिम सञ्चालन इजाजतपत्र प्राप्त नगरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

५. **नवीकरणः** यस प्राधिकरणबाट सञ्चालन इजाजतपत्र प्राप्त सहकारी संस्थाले प्रत्येक वर्षको प्राधिकरणले तोकेको समयावधिभित्र⊡ प्राधिकरणले निर्धारण गरेको प्रक्रिया पूरा गरी इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

---

✦ चौथो संशोधनद्वारा संशोधित।

⊡ पाँचौं संशोधनद्वारा संशोधित

## परिच्छेद–३

## विविध

६. **प्राधिकरणले थप विवरण माग गर्न सक्नेः**

(१) प्राधिकरणले सहकारी संस्थाको दर्ता अभिलेखीकरण र इजाजतसँग सम्बन्धित आवश्यक थप विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ।

७. **मापदण्डमा हेरफेर गर्न सक्नेः** प्राधिकरणले आवश्यकता अनुसार यस मापदण्डलाई हेरफेर गर्न सक्नेछ।

८. **प्रचलित कानून बमोजिम हुनेः** यस मापदण्डमा व्यवस्था भए बाहेक अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची–१

**(दफा–३ को उपदफा (२) सँग सम्बन्धित)**

सहकारी संस्थाको दर्ता अभिलेखीकरणका लागि आवश्यक विवरण

| क्र.सं. | (क) आधारभूत विवरण | कैफियत |
|---|---|---|
| १. | सहकारी संस्थाको नाम (नेपाली र अंग्रेजीमा), ठेगाना, सम्पर्क नं., इमेल, कार्य प्रकृति, दर्ता मिति, दर्ता भएको कार्यालय र ठेगाना, कार्यरत कर्मचारी संख्या | |
| २. | वेबसाइट  र सफ्टवेयरको नाम | |
| ३. | शेयर सदस्य संख्या र कूल शेयर रकम | |
| ४. | कार्यान्वयनमा रहेको विनियम/कार्यविधि/नीतिको नाम तथा जारी मिति | |
| ५. | सञ्चालक समितिको विवरण (नाम, पद, ठेगाना, लिङ्ग, सम्पर्क नं., व्यक्तिगत प्यान नं., नागरिकता नं. र जारी जिल्ला/राष्ट्रिय परिचयपत्र नं, पदावधि (शुरु मिति र अन्तिम मिति) | |
| ६. | लेखा सुपरिवेक्षण समितिको विवरण (नाम, पद, ठेगाना, लिङ्ग, सम्पर्क नं., व्यक्तिगत प्यान नं., नागरिकता नं. र जारी जिल्ला/राष्ट्रिय परिचयपत्र नं, पदावधि (शुरु मिति र अन्तिम  मिति) | |
| ७. | प्रमुख कार्यकारी अधिकृत वा महाप्रवन्धक वा व्यवस्थापक वा प्रबन्धकको विवरण (नाम, पद, ठेगाना, लिङ्ग, सम्पर्क नं, व्यक्तिगत प्यान नं., नागरिकता नं. र जारी जिल्ला/राष्ट्रिय परिचयपत्र नं, शैक्षिक योग्यता र सम्बन्धित कामको अनुभव, पदमा कार्यरत अवधि) | |
| ८. | सञ्चालनमा रहेका इकाई/सेवा केन्द्रको विवरण (ठेगाना, सम्पर्क नं.) | |
| ९. | कार्यक्षेत्र | |
| १०. | सहकारी संस्थाको दर्ता प्रमाणपत्र र स्थाई लेखा नम्बर प्रमाणपत्र | |
| ११. | अद्यावधिक करचुक्ता प्रमाणपत्र | |

| क्र.सं. | (क) आधारभूत विवरण | कैफियत |
|---|---|---|
| १२. | रकमको आधारमा ठूला १०० शेयर सदस्यको विवरण (नाम, ठेगाना र शेयर रकम) | |
| १३. | रकमको आधारमा ठूला १०० बचतकर्ता सदस्यको विवरण (नाम, ठेगाना र बचत रकम) | |
| १४. | रकमको आधारमा ठूला १०० ऋणी सदस्यको विवरण (नाम, ठेगाना र ऋृण रकम) | |

| क्र.स. | (ख) **वित्तीय विवरणः**<br>**गत दुई आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण** | कैफियत |
|---|---|---|
| १. | शेयर पूँजी | |
| २. | जगेडा तथा कोषहरु (जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी प्रबर्धन कोष, अन्य कोष) | |
| ३. | कूल जोखिम भारित सम्पत्ति तथा पूजी कोषको विवरण (प्राथमिक पूँजी कोष/ अनुपात र कूल पूँजी कोष/अनुपात) | |
| ४. | सहकारी संस्थाले निजी कम्पनी र घर जग्गामा गरेको लगानी | |
| ५. | कूल निक्षेप (साधारण, नियमित र आवधिक) र कूल ऋण प्रवाह (असल, कमसल, शंकास्पद, खराब,) तथा कूल ऋण नोक्सानी व्यवस्था (वर्गीकरण अनुसार) | |
| ६. | ऋण पुनर्तालिकीकरण (रकम र संख्या) | |
| ७. | निष्कृय कर्जा रकम र अनुपात | |
| ८. | कूल सम्पत्ति र कूल दायित्व | |
| ९. | कूल सञ्चालन आम्दानी तथा खर्च र अन्य आम्दानी तथा खर्च | |
| १०. | खुद नाफा/नोक्सान | |
| ११. | लेखापरीक्षकको नाम, ठेगाना, सम्पर्क नं र आइक्यान सदस्यता नं., | |

| क्र.स. | (ग) **अन्य विवरण** | **कैफियत** |
|---|---|---|
| १. | पछिल्लो दुई वर्षको साधारण सभा सम्पन्न भएको मिति, उपस्थिति संख्या र उपस्थिति प्रतिशत | |
| २. | गत आर्थिक वर्षमा सञ्चालक समितिको वैठक बसेको कूल संख्या | |
| ३. | संघहरुसँगको आबद्धताको विवरण | |
| ४. | विवरण प्रविष्टी गर्नेको नाम, पद, सम्पर्क नं, मिति | |
| ५. | विवरण रुजु गर्नेको नाम, पद, सम्पर्क नं, मिति | |
| ६. | कार्यकारी प्रमुखको स्वघोषणाः<br>माथि उल्लेखित विवरण ठीक साँचो हो। फरक परेमा कानूनबमोजिम सहुँला बुझाउँला। | |

## अनुसूची–२

**(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)**

**सहकारी संस्था दर्ता अभिलेखीकरण/सञ्चालन इजाजतपत्र दस्तुर**

| क्र.सं. | सहकारी संस्थाको वर्गीकरण | रकम रु. |
|---|---|---|
| | गत आर्थिक वर्षको अडिटेड वित्तीय विवरण अनुसार कूल सम्पत्ति वा कूल पूँजी तथा दायित्वः | |
| १. | २ करोडसम्म | १,००० |
| २. | २ करोड भन्दा बढी १० करोडसम्म | ३,००० |
| ३. | १० करोड भन्दा बढी २५ करोडसम्म | ५,००० |
| ४. | २५ करोड भन्दा बढी ५० करोडसम्म | ७,००० |
| ५. | ५० करोड भन्दा बढी १ अर्बसम्म | १०,००० |
| ६. | १ अर्ब भन्दा बढी | १५,००० |

**दस्तुर जम्मा गर्ने बैंक खाताको विवरणः**

बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक (पुल्चोक शाखा, ललितपुर)

खाताको नामः राष्ट्रिय सहकारी नियमन प्राधिकरण (Rastriya Sahakari Niyaman Pradhikaran)

खाता नं. ११४०१००१०२१००२०१

## अनुसूची–३

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

सहकारी संस्थाको सञ्चालन इजाजतपत्रको ढाँचा

राष्ट्रिय सहकारी नियमन प्राधिकरण (National Cooperative Regulatory Authority)

पुल्चोक, ललितपुर (Pulchowk, Lalitpur)

सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co–operative)

इजाजतपत्र नं.:

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ को दफा ४ बमोजिम देहायको सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गरी यो सञ्चालन इजाजतपत्र जारी गरिएको छ।

| | |
|---|---|
| सहकारी संस्थाको नामः | जारी गर्ने अधिकारी |
| दर्ता नं र दर्ता गर्ने निकायः | नामः |
| कार्यक्षेत्रः | पदः |
| कार्यः बचत तथा ऋणको मुख्य कारोबार, ............. | जारी मितिः |

*पुनश्चः यो इजाजतपत्रका लागि पेश भएको विवरण फरक परेमा संस्था नै जिम्मेवार हुने र संस्था दर्ता गर्ने निकायबाट जारी भएको प्रमाणित कागजात बमोजिम हुने गरी सुधार गरिनेछ।*

*(२०८२/०२/१८ को निर्णयले थप।)*

**सहकारी संस्थाको सञ्चालन इजाजतपत्र नवीकरण**

सहकारी संस्थाको नामः

इजाजतपत्र नं.ः

ईजाजतपत्र जारी मितिः

| सहकारी संस्थाको कार्य प्रकृति | आ.व. को नवीकरण | इजाजतपत्र नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत र छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको साधारण सभा सञ्चालन सम्बन्धमा जारी निर्देशन

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको साधारण सभा सञ्चालन सम्बन्धमा जारी निर्देशन

*जारी मितिः २०८२/०५/१७*

सहकारी ऐन, २०७४ को दफा ३९(२) बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको साधारण सभालाई सदस्य-केन्द्रित र मितव्ययी बनाई सुशासन कायम गर्न आवश्यक देखिएकोले सोही ऐनको दफा १०३(ज) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले देहाय बमोजिमको निर्देशन जारी गरेको छः

१. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको साधारण सभामा सहकारी संस्थाको दर्ता, नियमन, अनुगमन वा सुपरिवेक्षणसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित कुनै पनि निकायका गैर-सदस्य कर्मचारी वा पदाधिकारी सहभागी नहुने/नगराउने । यस विपरीत त्यस्ता पदाधिकारीहरूको सहभागितालाई स्वार्थको द्वन्द्व (Conflict of Interest) मानिने ।

२. साधारण सभामा गैर-सदस्य व्यक्ति वा पदाधिकारीलाई आमन्त्रण गरी उद्घाटन सत्र, आसनग्रहण वा अतिथिका मन्तव्यजस्ता औपचारिक कार्यक्रममा समय व्यतित नगरी सिधै साधारण सभाको छलफल एजेन्डामा प्रवेश गर्ने ।

३. सहकारी संस्था आबद्ध रहेको माथिल्लो संघबाट कुनै परामर्श आवश्यक परेमा वा सदस्य शिक्षा दिनु परेमा न्यूनतम संख्यामा मात्र गैर-सदस्य प्रतिनिधि वा स्रोत व्यक्तिलाई साधारण सभाको प्रारम्भमै परामर्श वा सदस्य शिक्षा प्रदान गर्ने गरी आमन्त्रण गर्न सकिने ।

४. साधारण सभामा नयाँ कार्यसमिति निर्वाचित गर्नुपर्ने अवस्थामा निर्वाचन उपसमिति सहित निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने जनशक्तिलाई उपस्थित गराउन सकिने ।

५. बचतकर्ताको हितलाई मध्यनजर गरी संस्थामा मितव्ययीता कायम गर्न साधारण सभामा उद्घाटन, अतिथि सत्कार, यातायात खर्च, सहभागी भत्ता, अतिथि उपहार, भोजभतेर (आवश्यकता अनुसार सदस्यहरूको सामान्य खाजा/खाना बाहेक) जस्ता क्रियाकलापमा फजुल खर्च नगर्ने/नगराउने ।

६. सहकारी संस्थाको कार्यक्षेत्रभित्र सदस्यहरूलाई पायक पर्ने स्थानमा साधारण सभाको आयोजना गर्नुपर्ने ।

७. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून तथा यस निर्देशन बमोजिम साधारण सभा सम्पन्न गरी सोको एक महिनाभित्र यस प्राधिकरणमा विद्युतीय प्रणाली (इमेल ठेगानाः admin@ncra.gov.np) मार्फत संक्षिप्त प्रतिवेदन पेश गर्नुपर्ने ।

८. यस निर्देशनको पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने ।

..........................

(शेषनारायण पौडेल)

कार्यकारी निर्देशक/प्रवक्ता

**बोधार्थ**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक, बालुवाटार काठमाडौं ।

श्री सहकारी विभाग, नयाँ बानेश्वर काठमाडौं ।

श्री राष्ट्रिय सहकारी महासंघ, पुल्चोक, ललितपुर ।

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ संस्थामा गरिने सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण कार्यविधि, २०८२

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ संस्थामा गरिने सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण कार्यविधि, २०८२

*प्रमाणीकरण मितिः २०८२/०७/२५*

**प्रस्तावनाः** सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ मा तोकिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनद्वारा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ संस्थाहरूमा हुने वित्तीय कारोबारको स्वच्छता एवं पारदर्शिता कायम गर्दै सहकारी वित्तीय प्रणालीलाई सुरक्षित र संरक्षित संरक्षण गर्न ती संघ संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्यलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन वाञ्छनीय देखिएकोले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) र सहकारी ऐन २०७४ को दफा १०३ज. ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ संस्थामा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी

निवारण सम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अध्यक्ष" भन्नाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनुपर्छ।

(ग) "नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ सम्झनुपर्छ।

(घ) "निरीक्षक" भन्नाले संस्थाको स्थलगत निरीक्षण गर्नको लागि प्राधिकरणबाट खटाइएको निरीक्षण टोलीको सदस्य सम्झनु पर्छ र सो शब्दले प्राधिकरणले सोही कार्यको लागि खटाइएका विशेषज्ञ व्यक्ति तथा संस्था समेतलाई जनाउँदछ।

(ङ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले संस्थाको दैनिक कार्यसञ्चालन नियन्त्रण गर्ने अन्तिम जिम्मेवारी भएको कार्यकारी सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रवन्धक, व्यवस्थापक वा त्यस्तै पदको कर्मचारी सम्झनुपर्छ र सो शब्दले संस्थाको कार्यकारी प्रमुखको रूपमा काम गर्ने अन्य पदाधिकारीसमेतलाई जनाउँछ।

(च) "प्राधिकरण" भन्नाले सहकारी ऐन, २०७४ को दफा १०३क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनुपर्छ र सो शब्दले प्राधिकरणले अख्तियार प्रत्यायोजन गरेका मातहतको कार्यालयलाईसमेत जनाउँछ।

(छ) "वित्तीय जानकारी इकाई" भन्नाले ऐनको दफा ९ बमोजिमको वित्तीय जानकारी इकाई सम्झनुपर्छ।

(ज) "विनियम" भन्नाले संस्थाको विनियम सम्झनुपर्छ।

(झ) "संघ" भन्नाले सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएको जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ, केन्द्रीय विषयगत सहकारी संघ वा विशिष्टीकृत सहकारी संघ सम्झनुपर्छ र सो शब्दले राष्ट्रिय सहकारी महासंघसमेतलाई जनाउँछ।

(ञ) "सदस्य" भन्नाले संस्थाको सदस्य सम्झनुपर्छ र सो शब्दले नियमावलीको नियम २ को खण्ड (ख) बमोजिमको व्यक्तिसमेतलाई जनाउँछ।

(ट) "संस्था" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ।

(ठ) "सुपरिवेक्षक" भन्नाले संस्थाको स्थलगत निरीक्षण वा गैर-स्थलगत सुपरिवेक्षण एवं प्रतिवेदन कार्यान्वयनमा संलग्न प्राधिकरणका निरीक्षक भन्दा माथिल्लो तहको कर्मचारी सम्झनु पर्छ।

## परिच्छेद–२

## परिचय

३. **पृष्ठभूमि**ः सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण नियमावली २०८१ अनुसार नियमनकारी निकायले गर्नुपर्ने कामहरु पुरा गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सहकारी संस्थाहरुको लागि निर्देशनहरु जारी गर्ने सो अनुसार अनुगमन गर्ने र देखिएका कैफियतहरुमा सुधारको लागि निर्देशन दिने कामहरु शुरुवाती चरणमै रहेको छ।

एसिया प्यासिफिक ग्रुपले नेपालको पारस्परिक मूल्यांकन, २०२३ सम्पन्न गरी सार्वजनिक गरेको प्रतिवेदनमा नेपालले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी धेरै विषयहरुमा गर्नुपर्ने कार्य उल्लेख छ। त्यसैगरी फाइनान्सियल एक्सन टाक्स फोर्सले (FATF) नेपाललाई ग्रे लिष्टमा राखे निर्णय गरिसकेको अवस्था छ।

सम्पत्ति शुद्धीकरण निवारण तर्फ बाँकी कामहरु सम्पन्न गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी

निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६" स्वीकृत भएको छ। त्यसैगरी ग्रे लिष्टबाट बाहिरिन नेपालले गर्नुपर्ने कामहरु समेटिएको कार्ययोजना समेत FATF बाट स्वीकृत भएको छ। सोही कार्ययोजनाको आधारमा अर्थमन्त्रीज्यूको संयोजकत्वमा बसेको निर्देशन समितिको बैठकबाट "ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२" स्वीकृत भई कार्यन्वयनमा आएको छ। सो बमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट हुने निरीक्षण तथा सुपरिवेक्षणलाई अझ प्रभावकारी बनाउन यो कार्यविधि बनाई लागू गरिएको छ।

४. **उद्देश्य** : यो कार्यविधिको उद्देश्य सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी ऐन, कानूनको पालनाको दृष्टिकोणले जोखिममा रहेका सहकारी संस्थाहरुको पहिचान, त्यस्ता संस्थाहरुको प्राथमिकताको आधारमा अनुगमन गर्ने, अनुगमन प्रतिवेदनको आधारमा कारबाही गरी सम्पत्ति शुद्धीकरण कानूनको पालनामा प्रभावकारिता ल्याउने हुनेछ।

५. **क्षेत्र तथा सीमा**: यस कार्यविधिले प्राधिकरणको सुपरिवेक्षकीय दायरामा पर्ने सहकारी संस्थाहरुमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई मात्र समेटेको छ।

६. **निरीक्षण तथा सुपरिवेक्षणको लागि नीतिगत आधारहरु**: प्राधिकरणले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वितीय लगानी निवारण सम्बन्धी गर्ने निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी कानूनी तथा नीतिगत आधारहरु देहाय बमोजिम रहेको छ :-

- सहकारी ऐन, २०७४
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१
- सहकारी संस्थाहरूका लागि जारी लक्षित वित्तीय प्रतिवन्ध सम्बन्धी मार्गदर्शन
- प्राधिकरणले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी जारी गरेको निर्देशन

- ➢ प्राधिकरणले निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्ने भनी उल्लेख भएका अन्य प्रचलित ऐन, कानून तथा निर्देशनहरु

७. **सुपरीवेक्षकीय उपकरण तथा विधिः** निरीक्षणको क्रममा निरीक्षण टोलीले संस्थाको व्यवसायको प्रकृति एवं आवश्यकतानुसार देहायबमोजिमको उपकरण तथा विधि प्रयोग गर्न सक्नेछः-

(क) चेकलिष्ट : अनुपालना तथा निरीक्षण क्षेत्र समेटिएको विस्तृत चेकलिष्ट तयार गरी प्रयोग गर्न सक्नेछ।

(ख) नमूना छनौट : कारोबार, अभिलेख, सदस्यको बचत तथा ऋण फाइल, सम्झौता सम्बन्धी फाइल लगायतको नमूना (Sample) छनौट गरी समीक्षा गर्न सक्नेछ ।

(ग) सोधपुछ तथा छलफल : सञ्चालक, व्यवस्थापन तथा कर्मचारीहरुसँग सोधपुछ तथा छलफल गर्न सक्नेछ।

(घ) कागजातको समीक्षा : सञ्चालक समितिको निर्णयको माइन्यूट, नीति तथा प्रक्रिया सम्बन्धी कागजात, कानूनी कागजात लेखापरीक्षण प्रतिवेदन, ट्रायल व्यालेन्स, कर्जा फाइल, बैंक स्टेटमेण्ट लगायतका कागजातहरुको आवश्यकतानुसार समीक्षा गर्न सक्नेछ।

(ङ) सिस्टम तथा सफ्टवेयर समीक्षाः संस्थाले कार्यान्वयनमा ल्याएका सूचना प्रविधिसम्बन्धी सिस्टम तथा सफ्टवेयर समीक्षा गर्न सक्नेछ।

## परिच्छेद–३

## निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी कार्य प्रक्रिया

८. **जोखिममा आधारित सहकारी संस्थाको छनौट** : प्राधिकरणले सहकारी संस्थाहरुको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी ऐन, कानूनको पालनाको अनुगमन गर्दा उच्च जोखिम भएका संस्थालाई प्राथमिकता दिइ छनौट गर्नेछ । यसरी छनौट गर्दा प्राधिकरणबाट भौगोलिक कार्यक्षेत्रको आधारमा कायम आफ्नो प्रत्यक्ष अधिकार क्षेत्रमा रहेका सहकारी

संस्था र ५० करोड भन्दा बढी कारोबार हुने सहकारी संस्थालाई प्राथमिकतामा राखिनेछ । साथै, जोखिमको आधारमा निरीक्षण तथा सुपरिवेक्षणका लागि निम्न विवरणहरुलाई आधारमानी संस्था छनौट गरिनेछ :

- संस्थाको प्रकृति, कार्यक्षेत्र, सदस्यता र भौगोलिक अवस्थिति,
- सहकारी संस्थाको वार्षिक कारोबार रकम,
- उच्च पदस्थ व्यक्तिसँगको कारोबार,
- संस्थाको ऋण तथा लगानीको अवस्था,
- खराब ऋणको अवस्था,
- सघन अनुगमनबाट प्राप्त जोखिमको अवस्था,
- प्राधिकरण समक्ष प्राप्त भएका सूचना, उजुरी तथा गुनासो,
- सञ्चार माध्यम तया विभिन्न नियमनकारी निकायवाट प्राप्त विश्वसनीय सूचना तथा जानकारी,
- सघन अनुगमनवाट प्राप्त सहकारी संस्थाको सम्पत्ति शुद्धीकरण कानूनको पालनाको अवस्था,
- ३० लाख भन्दाबढी बचत जम्मा गर्ने वा ऋण प्राप्त गर्ने व्यक्तिहरुको संख्या,
- राष्ट्रिय जोखिम मूल्यांकन प्रतिवेदनले उच्च तथा मध्यम जोखिम क्षेत्र भनि तोकेको क्षेत्रमा कार्यरत संस्थाहरु,
- भौगोलिक क्षेत्रको आधारमा बढी जोखिमयुक्त हुन सक्ने क्षेत्रमा कार्यरत संस्थाहरु ।

९. **सहकारी संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण विधि** : प्राधिकरणले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी ऐन कानूनको पालनाको लागि यस कार्यबिधिको आधारमा सहकारी संस्थाहरुको देहाय बमोजिम निरीक्षण तथा सुपरिवेक्षण गर्नेछ :

### क. स्थलगत निरीक्षण

१. स्थलगत निरीक्षणको लागि प्राधिकरणले कार्यरत कर्मचारीहरुको टोली बनाई अनुगमनमा खटाउनेछ। टोली प्रमुखले निरीक्षण कार्य सम्पन्न गर्नको लागि टोली सदस्यहरु बीच जिम्मेवारीको बाँडफाँड समेत गर्न सक्नेछ।

२. निरीक्षण टोलीले सामान्यतया निरीक्षणको लागि आवश्यक कागजात तथा विवरणहरुको सूची तयार गरी निरीक्षण सुरु हुनु अगावै सम्बन्धित संस्थामा सम्पर्क/पत्राचार गर्नेछ। साथै, कुनै कागजात अध्ययनको लागि आवश्यक परेमा निरीक्षण सुरु हुनु अगावै प्राधिकरणमा नै मगाई अध्ययन गर्न सक्नेछ।

३. निरीक्षणको क्रममा निरीक्षण टोलीले प्राधिकरणले तोकेबमोजिमको आचारसंहिताको पालना गर्नुपर्नेछ । आवश्यकतानुसार निरीक्षणको क्रममा प्राप्त गरेका तथ्य, विवरण, कैफियत र अन्य सम्बन्धित विषयको अभिलेख/प्रमाण विद्युतीय रुपमा वा भौतिक प्रतिको रुपमा राख्नेछ।

४. निरीक्षण टोलीले निरीक्षण कार्य सम्पादन गरेपछि स्थलगत निरीक्षणको क्रममा देखिएका विषयवस्तु तथा कैफियत समेटेर निरीक्षण प्रतिवेदनको मस्यौदा तयार गर्नेछ।

५. निरीक्षण सम्पन्न भएपश्चात् निरीक्षण टोलीले यथाशक्य निरीक्षण अवधिको अन्तिम दिनमा निरीक्षणको क्रममा देखिएका प्रारम्भिक कैफियत सम्बन्धित संस्थाको प्रत्युत्तरको लागि ७ कार्य दिनको समय दिई उक्त संस्थालाई उपलब्ध गराउने छ। प्रत्युत्तर प्राप्त भएको ७ कार्य दिन भित्र संस्थाको प्रत्युत्तर, अन्तिम कैफियत तथा प्रस्तावित निर्देशन (भएमा) समेत समावेश गरी निरीक्षण प्रतिवेदन प्राधिकरणमा स्वीकृतिका लागि टिप्पणी सहित पेश गर्नेछ।

६. निरीक्षण अवधिको अन्तिम दिनमा प्रारम्भिक कैफियत दिन सक्ने अवस्था नभएमा टोली प्रमुखले टोली पर्यवेक्षक वा निरीक्षण तथा सुपरिवेक्षण प्रमुखको स्वीकृतिमा बढीमा ३ कार्यदिन भित्र प्रत्युत्तर पेश गर्ने गरी सम्बन्धित संस्थामा प्रारम्भिक कैफियत पठाउन सक्नेछ।

७. निरीक्षणको क्रममा देखिएको कैफियतको गाम्भीर्यताको आधारमा प्रारम्भिक कैफियत सम्बन्धित संस्थालाई नदिई अन्तिम प्रतिवेदन तोकिएको समयभित्र प्राधिकरणमा पेश गर्न सक्नेछ।

८. प्रारम्भिक कैफियत दिइएको अवस्थामा प्रत्युत्तर प्राप्त भएको ७ कार्यदिन भित्र र प्रारम्भिक कैफियत नदिइएको अवस्थामा निरीक्षण सम्पन्न भएको ७ कार्य दिनभित्र निरीक्षण प्रतिवेदन तयार गरी प्राधिकरणमा पेश गर्नेछ।

९. निरीक्षण टोलीले स्थलगत निरीक्षण प्रतिवेदन एवं प्रस्तावित निर्देशन कारबाही सहितको टिप्पणी स्वीकृतिका लागि पेश गर्नेछ। अख्तियारप्राप्त अधिकारी/समितिबाट स्वीकृत भएबमोजिम आवश्यक पत्राचार गर्नेछ र सामान्यतया निर्देशन कार्यान्वयनको अवस्थासहित आवश्यक कागजात प्रमाण १५ दिनभित्र पेश गर्न निर्देशन दिनेछ। कारबाही गरिएको भएमा सोको जानकारी सम्बन्धित सबै पक्षलाई समेत जानकारी दिनेछ।

१०. निरीक्षण टोलीले प्रतिवेदन बमोजिमको निर्देशन दिने वा कारबाही गर्ने प्रक्रिया पूरा भएपश्चात् सम्बन्धित निरीक्षण प्रतिवेदन तथा सोसँग सम्बन्धित महत्वपूर्ण कागजातहरु सहित आन्तरिक प्रशासन इकाई वा तोकिएको इकाईमा सक्कल फाइल बुझाउनेछ। त्यसपछिको कार्यान्वयनको जिम्मा सोही इकाईको हुनेछ।

११. निरीक्षण टोलीले कार्यविधि अनुसार संस्थाको निरीक्षण गर्ने र प्रतिवेदन पेश गर्नुपर्नेछ। सो प्रतिवेदनमा प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ संस्थालाई जारी गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन अनुकूल हुनेगरी निम्न विवरण समावेश गर्नुपर्नेछः-

- सहकारी संस्थाले कार्यविधि बनाइ लागू गरेको भए कुन साधारण सभाले पारित गरेको हो सो साधारण सभाको निर्णय,
- कार्याविधि अद्यावधिक गरे/नगरेको,
- सदस्य पहिचान तथा सम्पुष्टिको अवस्था,
- सदस्य पहिचान फाराम भराएको सदस्य संख्या र अद्यावधिक गराएको सदस्य संख्या
- संस्थामा भएका उच्च पदस्थ व्यक्तिको संख्या,
- कार्यान्वयन अधिकारी तोके/नतोकेको,
- अनुगमन गर्दाको मिति भन्दा एक वर्ष अगाडिदेखि पठाएका सीमा तथा शंकास्पद कारोबारको प्रतिवेदन संख्या,
- वित्तीय जानकारी इकाईको गोएमएल (goAML) मा आवद्ध भई नियमानुसारको सीमा तथा शंकास्पद कारोबार प्रतिवेदन पठाएको/नपठाएको,
- सदस्यहरुको स्तर अनुसार जोखिम वर्गीकरण गर्दा लिइएका आधारहरु।
- जोखिम मूल्यांकन प्रतिवेदन तयार गरे/नगरेको,
- सञ्चालक समितिले नियमित समिक्षा गर्ने गरे/नगरेको।

**ख.** **गैरस्थलगत सुपरिवेक्षण**

१. गैरस्थलगत सुपरिवेक्षण सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण इकाईले गर्नेछ।

२. यसरी सुपरिवेक्षण गर्दा प्राधिकरणमा सम्पत्ति शुद्धीकरणको सन्दर्भमा गरेको नियमित रिपोर्टिङ्ग गरे/नगरेकोलाई विश्लेषण, विभिन्न माध्यमबाट प्राप्त निवेदन तथा गुनासोको विश्लेषण, सहकारी संस्थाहरुको वेवसाइटमा उपलब्ध सूचना तथा विवरणहरुको विश्लेषण, सार्वजनिक रुपमा प्रकाशनमा आएका समाचारहरुको विश्लेषण, विश्वसनियता तथा त्यसको गाम्भीर्यतालाई आधार बनाइनेछ।

३. सुपरिवेक्षणको क्रममा संस्थासँग पत्र वा इमेल वा फोन मार्फत इकाईले विवरण माग गर्न सक्नेछ। प्राप्त विवरणको आधारमा अध्ययन तथा विश्लेषण गरी सुपरिवेक्षण गर्न सक्नेछ र सो सम्बन्धी प्रतिवेदन अख्तियार प्राप्त अधिकारी समक्ष पेश गर्नेछ। आवश्यकतानुसार संस्थाको पदाधिकारीसँग गैर-स्थलगत रुपमा छलफल तथा अन्तरक्रिया गर्न सक्नेछ।

४. संस्थासँग थप सोधपुछ गर्नुपर्ने अवस्थामा वा संस्थालाई कारबाही गर्नुपर्ने अवस्था देखिएमा प्राधिकरणले स्थलगत निरीक्षण, अनुगमनको लागि टोली खटाउनेछ। यसरी खटिएको स्थलगत निरीक्षण टोलिले गैरस्थलगत सुपरिवेक्षणको प्रतिवेदन समेतलाई आधारको रुपमा लिई तोकिएको प्रक्रिया अनुसार निरीक्षण सम्पन्न गर्नेछ।

**ग.** **आकस्मिक निरीक्षण तथा सुपरिवेक्षणः** प्राधिकरण समक्ष प्राप्त भएका सूचना, उजुरी तथा गुनासो र सञ्चार माध्यम तथा विभिन्न नियमनकारी निकायबाट प्राप्त सूचना तथा जानकारीको आधारमा प्राधिकरणबाट आकस्मिक सुपरिवेक्षण गरिनेछ। यसरी निरीक्षण गर्दा निरीक्षण टोलीले आवश्यकता अनुसारको रिपोर्टिङ्ग वा स्थलगत रिपोर्टिङ्गको ढाँचामा प्रतिवेदन पेश गर्नेछ।

## १०. प्रतिवेदन स्वीकृति, निर्देशन तथा कारबाही सम्बन्धी प्रक्रिया :

१०.१ स्थलगत निरीक्षण प्रतिवेदन, गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन तथा आकस्मिक निरीक्षण निरीक्षण प्रतिवेदन स्वीकृति प्रक्रिया तथा संस्था वा संस्थाका पदाधिकारीलाई गरिने कारबाहीको प्रक्रिया सम्बन्धित टोली/इकाईबाट (स्थलगत निरीक्षण टोली, गैर-स्थलगत सुपरिवेक्षण इकाई एवं कार्यान्वयन तथा अनुपालना इकाई) शुरु गर्न सकिने छ।

१०.२ नियम उल्लङ्घनको प्रकृति हेरी प्राधिकरणले कारबाही गर्नुपर्ने भए प्राधिकरणले र नेपाल सरकारको सम्बन्धित निकायको क्षेत्राधिकारभित्र पर्ने भए सो निकायलाई आवश्यक छानविन तथा कारबाहीका लागि लेखी पठाउन सक्नेछ।

१०.३ संस्था वा संस्थाका पदाधिकारीलाई कारबाही गर्दा नियमन उल्लङ्घनको विवरण उल्लेख गरी १५ दिनको म्याद दिई लिखित स्पष्टीकरण सोध्नु पर्नेछ। सम्बन्धित संस्था वा पदाधिकारीले उक्त समयभित्र स्पष्टीकरण पेश गर्नुपर्नेछ तर, संस्थालाई सचेत वा लिखित चेतावनीको कारबाही गर्दा स्पष्टीकरण सोध्न अनिवार्य हुने छैन।

१०.४ बुँदा १०.३ बमोजिम पेश भई आएको स्पष्टीकरण चित्त बुझ्दो भएमा प्राधिकरणले कारबाही प्रस्ताव नगरी थप कार्य अघि बढाउनेछ। स्पष्टीकरण पेश नभएमा वा पेश भएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा नियमन उल्लङ्घनको प्रकृति तथा गाम्भीर्यता हेरी प्राधिकरणले राय वा विवेचना सहित कारबाहीको प्रस्ताव अगाडि बढाउनेछ।

१०.५ बुँदा १०.४ बमोजिम प्रस्ताव समावेश भएको टिप्पणी अख्तियार प्राप्त अधिकारी/समितिबाट स्वीकृत भई आएपश्चात् सोहीबमोजिम सम्बन्धित इजाजतपत्र प्राप्त संस्था वा संस्थाका पदाधिकारीलाई ७ कार्यदिन भित्र पत्राचार गर्नेछ र कारबाहीको कार्यान्वयन प्राधिकरणको अनुपालना तथा कार्यान्वयन इकाई मार्फत् वा तोकिएको इकाई मार्फत् गरिनेछ।

१०.६ संस्थालाई तथा सम्बन्धित संस्थाका पदाधिकारी वा कर्मचारीहरुलाई गर्ने कारबाहीको रिपोर्ट सहितको टिप्पणी सम्बन्धमा स्पष्टिकरण वा लिखित रुपमा सचेत गराउदा अध्यक्षले स्वीकृत गर्न सक्नेछ र त्यो भन्दा माथिको प्रशासनिक वा आर्थिक कारबाही अध्यक्षको सिफारिसमा संचालक समितिले स्वीकृत गर्नेछ।

११. **अनुपालना तथा कार्यान्वयनसम्बन्धी कार्य** :

११.१ आन्तरिक प्रशासन इकाई तथा गैर-स्थलगत सुपरिवेक्षण इकाईबाट वा तोकिएको इकाईबाट प्राप्त स्थलगत निरीक्षण प्रतिवेदन तथा गैर-स्थलगत रुपमा गरिएको सुपरिवेक्षण प्रतिवेदन सहितको स्वीकृत टिप्पणी फाइल अनुपालना तथा कार्यान्वयन इकाई वा तोकिएको इकाईले देहाय बमोजिमको ढाँचामा छुट्टै रजिष्टर खडा गरी अभिलेख गर्नेछ र सुरक्षित रुपमा राखेछ।

| क्र.सं. | संस्थाको नाम | निरीक्षण अवधि | प्रतिवेदन स्वीकृत मिति | निर्देशनको कार्यान्वयनको अवस्था पेश गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११.२ अनुपालना तथा कार्यान्वयन इकाई तथा तोकिएको इकाईले संस्थाबाट पेश भएको कार्यान्वयनको अवस्था समीक्षा गरी निर्देशन पालना भएको देखिएमा सो विवरण उल्लेख गरी र पालना भएको यकिन गर्न नसकिएमा आवश्यकता अनुसार थप निर्देशन दिने वा आगामी स्थलगत निरीक्षणमा यकीन गर्ने विषय समावेश गरी तीन महले प्रतिवेदन तयार गर्नेछ। इकाईले यस्तो तीन महले प्रतिवेदन कार्यकारी निर्देशक समक्ष पेश गर्नेछ।

११.३ अनुपालना तथा कार्यान्वयन इकाई तथा तोकिएको इकाईले निरीक्षण प्रतिवेदनको आधारमा गरिएको, गैर-स्थलगत सुपरिवेक्षण इकाई मार्फत् गरिएको र अनुपालना तथा कार्यान्वयन इकाई मार्फत् वा तोकिएको इकाई मार्फत् गरिएको सम्पूर्ण कारबाही, सजाय वा जरिवाना सम्बन्धी देहायबमोजिमको छुट्टै अभिलेख राख्नेछ । इकाइमार्फत् गरिएको कारबाहीको जानकारी प्राधिकरणको वेवसाइमा प्रकाशन गर्न सक्नेछ।

| क्र. सं. | संस्थाको नाम | पदाधिकारी/ कर्मचारीलाई कारबाही गरिएको भए निजको नाम | कारबाही वा सजायको किसिम | कारबाही वा सजायको मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११.४ संस्थालाई गरिएको कारबाहीको कार्यान्वयन आवश्यकतानुसार अनुपालना तथा कार्यान्वयन इकाई मार्फत् गरिनेछ । कारबाहीको अनुपालना नभएर थप वा माथिल्लो तहको कारबाही गर्नुपरेमा समेत अनुपालना तथा कार्यान्वयन इकाई मार्फत् कारबाही अगाडि बढाउन सकिनेछ। संस्थालाई दिइएका निर्देशनहरुको कार्यान्वयन अवस्थाका बारेमा सम्बन्धित संस्थाका पदाधिकारी तथा कर्मचारीलाई इमेल वा पत्राचार गरी वा प्राधिकरणमा उपस्थित गराई थप बुझ्न सकिनेछ।

११.५ अनुपालना तथा कार्यान्वयन इकाईले अर्धवार्षिक रुपमा अनुपालना तथा कार्यान्वयन सम्बन्धी प्रतिवेदन तयार गर्नेछ। यस्तो अर्धवार्षिक अवधि समाप्त भएपश्चातको त्रयमासभित्र प्रतिवेदन अध्यक्ष समक्ष जानकारीको लागी पेश गर्नेछ।

११.६ अनुपालना तथा कार्यान्वयन इकाई वा तोकिएको इकाईले इकाई मार्फत् भएको कारबाही सम्बन्धी टिप्पणीसहितको विवरण तथा अर्धवार्षिक प्रतिवेदनको विद्युतीय प्रति अभिलेख राखी सक्कल प्रति सुरक्षित राखेछ।

११.७ अन्य बाहिरका निकायबाट निरीक्षण प्रतिवेदन वा अन्य विवरण माग भई आएमा सम्बन्धित कार्यकारी निर्देशकको स्वीकृति वा निर्देशानुसार मात्र प्रतिवेदन वा अन्य विवरण उपलब्ध गराउन सकिनेछ।

११.८ अनुपालना तथा कार्यान्वयन इकाई वा तोकिएको इकाईले आफ्नो कार्य सम्पादनको क्रममा आवश्यकतानुसार सम्बन्धित निरीक्षण टोली तथा प्राधिकरणका अन्य इकाईसँग सहयोग लिन वा समन्वय गर्न सक्नेछ।

१२. **विवरण तयार गर्ने**: सम्पत्ति शुद्धीकरण (निवारण) इकाईले विभिन्न शाखासँग समन्वय गरी निम्न अनुसारका विवरणहरुको सूची तयार गर्नेछः-

- वार्षिक कारोबारको आधारमा सहकारी संस्था,
- आन्तरिक कार्यविधि वनाई लागू गरेका सहकारी संस्था,
- सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुगमन तथा निरीक्षण भएका सहकारी संस्था,
- सम्पत्ति शुद्धीकरण सम्वन्धमा प्राप्त भएका उजुरी सम्बन्धी विस्तृत विवरण,
- चालु आर्थिक वर्षमा सघन अनुगमनसँगै सम्पत्ति शुद्धीकरण सम्बन्धी निरीक्षणको लागि तोकिएको संस्था,
- सम्पत्ति शुद्धीकरण सम्बन्धी मात्र चालु आर्थिक वर्षमा निरीक्षणको लागि तोकिएको संस्था,
- निरीक्षण तथा अनुगमन सम्पन्न भैसकेका सहकारी संस्थाहरुले सम्पत्ति शुद्धीकरण कानूनको पालना गरे/नगरेको अवस्था,
- सम्पत्ति शुद्धीकरण सम्बन्धी कारबाहीमा परेका संस्थाहरुको विस्तृत विवरण।

**अनुसूची–१**

**कार्यविधिको बुँदा ९ सँग सम्बन्धित**

स्थलगत निरीक्षण (अन्तिम) प्रतिवेदनको ढाँचा आवरण पृष्ठको नमूना

(**संस्थाको नाम**)

**श्री**.......................................

(**ठेगाना**) **को**

**सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी स्थलगत निरीक्षण प्रतिवेदन**, २०८...

**राष्ट्रिय सहकारी नियमन प्राधिकरण**

**पुल्चोक, ललितपुर ।**

.... (**महिना**) .... (**साल**)

## खण्ड (क)

## पृष्ठभूमि

१. निरीक्षणको उद्देश्य

२. निरीक्षणको क्षेत्र र सीमा

३. निरीक्षण टोली

४. निरीक्षणको अवधि

## खण्ड (ख)

## विवरण तथा मूल्याङ्कन

१. **संस्थाको परिचय तथा विवरण**

संस्थागत परिचय, संगठनात्मक संरचना, शेयर सदस्य, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उच्च व्यवस्थापन लगायतका आवश्यक विवरण ।

२. **संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन**

सञ्चालक समितिको कार्य तथा भूमिका, कम्पनीको नीतिगत व्यवस्थाहरु, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, अनुपालना संस्कृति ।

३. **वित्तीय अवस्था तथा सबलता**

पूँजी तथा जगेडा कोष, कोष व्यवस्थापन, नाफा नोक्सानको अवस्था, वित्तीय अनुपात लगायत आवश्यकता अनुसारको वित्तीय विश्लेषण ।

४. **सञ्चालन प्रक्रिया तथा लेखा व्यवस्थापन**

लेखा व्यवस्थापन, सूचना प्रविधि, अभिलेख व्यवस्थापन, सञ्चालनसम्बन्धी अन्य विषय वस्तु ।

५. **सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी अनुपालना**

नीति तथा कार्यविधिको उपलब्धता र पर्याप्तता, उच्च व्यवस्थापन तथा सञ्चालक समितिमा छलफल, सम्बन्धित विषयमा जारी निर्देशन पालनाको अवस्था, नियामकीय निकायमा नियमित रिपोर्टिङ्गको अवस्था आदि ।

## खण्ड (ग)

## कैफियत, प्रत्युत्तर तथा प्रस्तावित निर्देशन

१. प्रारम्भिक कैफियत र प्रत्युत्तर

२. अघिल्लो निरीक्षण प्रतिवेदनको कार्यान्वयन अवस्था

३. अन्तिम कैफियत तथा प्रस्तावित निर्देशन/कारबाही (सुझाव भए सो समेत)

# Guideline on Targeted Financial Sanctions for Cooperatives, 2025

# Guideline on Targeted Financial Sanctions for Cooperatives, 2025

*प्रमाणीकरण मिति: २०८२/०७/३०*

**Acronyms/Abbreviations**

| | |
|---|---|
| ALPA | Asset (Money) Laundering Prevention Act, |
| 2008 | |
| ALPR | Asset (Money) Laundering Prevention Rules, |
| 2024 | |
| Co-ops | Cooperatives |
| DMLI | Department of Money Laundering |
| Investigation | |
| IP-TFS | Implementation Procedure of Targeted |
| Financial | |
| | Sactions |
| MoF | Ministry of Finance |
| MOHA | Ministry of Home Affairs |
| NCRA | National Cooperative Regulatory Authority |
| NRB | Nepal Rastra Bank |
| RES | Reporting Entities |
| TFS | Targeted Financial Sanctions |
| TFS-PF | Targeted Financial Sanctions- Proliferation Financing |
| TFS-TF | Targeted Financial Sanctions- Terrorist |
| Financing | |

| | |
|---|---|
| UN | United Nations |
| UN List<br>List<br>Security | United Nations Security Council Consolidated pursuant to the relevant United Nations Council Resolutions. |
| UNSC | United Nations Security Council |
| UNSC Sanctions Committee<br>Sanction<br><br>compliance | United Nations Security Council<br><br>Committee that oversees the<br><br>of United Nations Security Council<br>Resolutions. |
| UNSCRS<br>Resolutions | United Nations Security Council |

**"Domestic Terrorist List"** means national terrorist list published by MoHA.

**"Designated person"** means individuals, groups, entities and undertakings listed in the UN List as well as Domestic Terrorist List.

**"Sanction List"** includes both UN Consolidated List and Domestic Terrorist List.

## Table of Contents

A. Overview of Targeted Financial Sanctions
B. Legal framework
C. What are Targeted Financial Sanctions (TFS)?
D. What is the purpose of Targeted Financial Sanctions (TFS)?
E. Obligations of Cooperatives to implement TFS regime..
F. Enforcement of TFS
G. Requesting an exemption or permission to access frozen funds
H. Procedure to cancel or lift the freezing measures
1. Application of Primary Measures

(**Note:** Guidelines shall be implemented in the spirit of ALPA, ALPR and regulatory directives including MOHA IP-TFS, as they get priority over the guidelines. This guideline is equally applicable to all type of cooperatives.)

## A. Overview of Targeted Financial Sanctions

The UNSC is one of the principal organs of the UN and has the primary responsibility for the maintenance of international peace and security. It has 15 Members, and each Member has one vote. Under the Charter of the UN, all Member States of the UN are obligated to comply with the Security Council decisions.

The UNSC holds the capacity to take action seeking to maintain or restore international peace and security under Chapter VII of the Charter of the UN by imposing sanctioning measures under Article 41. These measures encompass a broad range of enforcement options that do not involve the authorization of the use of armed force but include interruption of economic relations, international communications and diplomatic relations.

The Security Council sanctions regimes focus mainly on supporting the settlement of political conflicts, nuclear non-proliferation, and counterterrorism. These regimes include measures ranging from comprehensive economic and trade sanctions to more targeted measures such as arms embargoes, travel bans, and restrictions on dealing with certain financial or commodity transactions.

Nepal, as a member of the UN, is mandated to implement UNSCRs, including those related to the UN's sanctions regimes. Consequently, through Chapter 68. of ALPA, Nepal is implementing relevant UNSCRs on the suppression and combating of terrorism, terrorist financing and countering the financing of proliferation of weapons of mass destruction, in particular relating to TFS.

The term TFS refers to asset freezing and other financial prohibitions, agreed upon by the UNSC, to prevent funds or other assets from being made available, directly or indirectly, for the benefit of designated person.

So, as required by the FATF Recommendations, Nepal applies following two lists related to TFS, which consists of both TFS-TF and TFS-PF:

1. **UN Consolidated List**

- UNSCR 1267 (1999), 1988 (2011), 1989 (2011), and successor resolutions pertain to TFS-TF
- UNSCR 1718 (2006), 2087 (2013), 2094 (2013), 2231 (2015) and 2270 (2016) pertain to TFS-PF
- Other relevant UNSCR lists covered in the UN list

2. **Domestic Terrorist List**

UNSCR 1373 (2001) pertain to TFS-TF

Reporting entities (Co-oPs) should note that, in accordance with the laws of Nepal, the Government also applies TFS by publishing a Domestic Terrorist List in accordance with UNSCR 1373 (2001). Such publication is done by MoHA as per Rule 63(6) after approval from Cabinet of Ministers as per Rule 63(5) of ALPR.

This Guideline serves as a guidance for Co-ops to understand their TFS related obligations. This Guideline is focused on the procedures to implement the UN and domestic TFS regime by all persons. Co-ops are obliged to apply policies, procedures and controls to implement TFS to those sanctioned and referred in the UN List and the Domestic Terrorist List.

**B. Legal framework**

The following list comprises of the relevant laws and regulations for the purpose of implementing TFS measures.

| Title | Issued | Relevant | Type |
|---|---|---|---|
| Asset (Money) Laundering Prevention Act, 2008 | 2008 (Amended 2024) | Chapter 6B. | Act |
| Asset (Money) Laundering Prevention Rules, 2024 | 2024 | Chapter 6 | Regulation |
| Regulatory Guidelines/Directives etc. | | | |

## C. What are Targeted Financial Sanctions (TFS)?

The term 'targeted' sanctions mean that such sanctions are imposed against specific individuals or groups, or undertakings. The term 'financial' sanctions include both asset freezing and prohibitions to prevent funds or other assets from being made available, directly or indirectly, for the benefit of individuals, entities, groups, or organization who are sanctioned. In this context, TFS is targeted and financial in nature.

**Types of financial sanctions**

There are two main types of financial sanctions:

1. Asset freezing: Freezing is the prohibition to transfer, convert, dispose, or move any funds or other assets that are owned or controlled by designated person. It includes:
   - The Freezing of funds and other financial assets and economic resources, and includes preventing their use, alteration, movement, transfer, or access.
   - The Freezing of economic resources also includes preventing their use to obtain funds, goods, or services in any way, including, but not limited to, by selling, hiring, or mortgaging them.
2. Prohibition to offer funds and services: This means the prohibition to provide funds to, or render financial services or other services related to, any designated person.

   As an example:

   For Reporting entities: a freezing measure can be suspending access to bank accounts and assets, blocking transactions, and prohibition to offer banking, transactional services, stopping the facilitation of or blocking the transfer of ownership of immovable or movable assets and prohibition to provide services such as legal services to transfer asset ownership, buying or selling of real estate, jewelry, precious metals and other services.

**D. What is the purpose of Targeted Financial Sanctions (TFS)?**

The purpose of TFS is to deny designated person the means to violate international peace and security, support terrorism or finance the proliferation of weapons of mass destruction. To achieve this, it seeks to ensure that no funds, financial assets, or economic resources of any kind are available to designated person for so long as they remain subject to the restrictive measures.

Co-ops should note that TFS restrictions published by the UN and the Domestic Terrorist List are subject to change. It is the obligation of Co-ops to ensure relevant controls and procedures are in place to maintain relevant and up-to-date controls in order to effectively implement TFS restrictions. The updated Sanctions Lists are published on the website of Ministry of Home Affairs or is notified through appropriate medium and the UN website.

1. Who is the target of these measures?

   The freezing measures, including the prohibition of making funds available, apply to:

   a. Any individual, group, or entity listed in the Domestic Terrorist List published by MoHA or listed by the UNSC in its Consolidated Sanctions List.

   b. Any entity, directly or indirectly owned or controlled by an individual or entity listed under A.

   c. Any individual or entity acting on behalf of or at the direction of any individual or entity listed

   under A & B.

   In cases where an asset owned or controlled in part or in full by a designated person and such asset continues to produce benefit, for example in the form of dividends or interest, the relevant portion of such benefit is also subject to freezing measures.

**II. Where to find the updated Sanctions Lists?**

The most updated information can be found in the following links:

- The UN Security Council has a Consolidated List of all the sanctioned individuals, groups, or entities by the UN Sanctions Committees (UN List). The link to this list is: https://www.un.org/securitycouncil/content/un-sc-consolidated-list
- Any individual or entity listed by MoHA (Domestic Terrorist List): The link to the Domestic Terrorist List: https://www.moha.gov.np/page/targeted-sanction-list

**III. What does 'funds' mean?**

As per Section 2(m) of ALPA, funds mean:

"funds" means financial assets, economic resources, property of every kind, whether tangible or intangible, movable or immovable, corporeal or incorporeal, however acquired, and any of the following instruments or resources, or accrued from or generated by such funds or other assets, and this term also includes legal documents, proof, certificates or instruments, in electronic or other form, evidencing title to, or interest in, such property, instruments or resources:

(1) bank credits,

(2) travelers' cheques,

(3) bank cheques,

(4) money orders,

(5) shares,

(6) securities,

(7) bonds,

(8) drafts,

(9) letters of credit,

(10) Any other economic or financial resources.

All types of funds or assets are subject to freezing measures. The funds can be categorized into the following types:

1. **Assets**

Non- exhaustive list of financial assets subject to sanctions are as follows:

a) Cash, cheques, claims on money, drafts, money orders, bearer instruments, internet-based and other electronic or digital payment instruments, including virtual currencies.

b) Deposits with financial institutions or other entities and balances on accounts, including but not limited to: (1) fixed or term deposit accounts, (2) balances on share trading accounts with banks, brokerage firms, or other investment trading accounts.

c) Debts and debt obligations, including trade debts.

d) Other accounts receivable, notes receivable, and other claims of money on others.

e) Equity and other financial interest in a sole trader or partnership.

f) Publicly and privately traded securities and debt instruments, including stocks and shares, certificates representing securities, bonds, notes, warrants, debentures, and derivatives contracts.

g) Interest, dividends, or other income on or value accruing from or generated by assets.

h) Credit, right of set-off, guarantees, performance bonds or other financial commitments.

i) Letters of credit, bills of lading, bills of sale and other documents evidencing an interest in funds or financial resources and any other instruments of export-financing

j) Insurance and reinsurance.

2. **Economic resources**

Economic resources subject to sanctions include assets of any kind, whether tangible or intangible, movable, or immovable, actual or potential, which potentially may be used to obtain

funds, goods, or services. Non- exhaustive list of economic resources are as follows:

a) Land, buildings, or other real estate.

b) Equipment, including computers, computer software, tools, and machinery.

c) Office furniture, fittings and fixtures and other items of a fixed nature.

d) Vessels, aircraft, and motor vehicles.

e) Inventories of goods.

f) Works of art, cultural property, precious stones, jewelry, or gold.

g) Commodities, including oil, minerals, or timber.

h) Arms and related material, including all items mentioned in the arms embargo, included but not limited to: weapons and ammunition, military vehicles and equipment, paramilitary equipment, and spare parts for the aforementioned, and technical advice, assistance, or training related to military activities.

i) Raw materials and components that can be used to manufacture improvised explosive devices or unconventional weapons, including but not limited to chemical components, detonating cord, or poisons.

j) Patents, trademarks, copyrights, trade names, franchises, goodwill, and other forms of intellectual property; internet hosting or related services.

k) Any other assets.

## E. Obligations of Cooperatives to implement TFS regime

In order to effectively implement TFS, Co-oPs must:

1. Subscribe/ Register/ Visit website

   a. Co-ops should subscribe to UN list to receive automated email notifications from email below:

      sc-sanctionslists@un.org

This registration is aimed to help Co-op to receive updated and timely information about the listing and de-listing of individuals or groups or entities in the UN List.

b. Co-ops shall subscribe to automated email/ mobile notification mechanism or register themselves in the TFS portal (https://tfs.moha.gov.np/auth/login) operated by MoHA or visit their website in order to receive information on listing and de-listing of designated person.

**2. Screen:**

Co-ops shall undertake ongoing and daily checks (manually or preferably through automated mechanism) to the following databases to identify possible matches with names in the Sanction List:

a. Customers before conducting any transactions or entering a business relationship with any person

b. Existing customer databases

c. Names of parties to any transactions

d. Potential customers

e. Beneficial owners

f. Names of individuals or entities with direct or indirect relationships with them

g. Directors and/or agents acting on behalf of customers (including individuals with power of attorney)

Initial screening must be performed prior to the on boarding of a customer and/or facilitation of an occasional transaction. Thereafter, screening should be done daily at the institution's own initiative. Additionally, bulk or batch screening should be conducted, as appropriate.

**3. Apply Targeted Financial Sanctions:**

A confirmed match is when an individual, entity, or group matches all the key identifiers published on the Sanctions List. The range of information that constitute identifiers of designated person are as follows:

For natural person:

- Name
- Aliases/also known as/formerly known as
- Date of birth
- Nationality
- ID or passport information
- Last known address

For legal persons:

- Name(s)
- Aliases also known as/formerly known as
- Certificate of Registration (RC No.)
- Registered Address
- Address of branches
- Other information

Where the individual, entity, or group matches with the key identifiers published on the Sanctions List, the result is considered a 'confirmed match'.

A false positive is a potential match to designated person, either due to the common nature of the name or due to ambiguous identifying data, which on examination proves not to be a confirmed match. Appropriate inquiry on false positive cases shall be facilitated by MoHA pursuant to Rule 67 of ALPR.

Co-ops are required to obtain additional information and identification documents from the customer or a third party to ascertain whether a customer is a designated person in the case of similar names.

In case of a confirmed match, following are the measures that must be implemented:

I. **Freeze all funds:** freeze, without delay (immediately) and without prior notice to the designated person, all the funds:

a) Owned or controlled, wholly or jointly, directly, or indirectly, by a designated person.

b) Derived or generated from funds under item (a)

c) Of any individual or group or entity acting on behalf of or at the direction of any individual or entity under item (a).

The obligations to freeze shall not prevent additions to frozen accounts of:

- interest, profits, or other earnings due on the account; or
- of payments due under contracts, agreements or obligations agreed upon prior to the date on which the account has become subject to freezing, provided such additions are immediately frozen.

Any percentage of ownership must trigger a freezing measure in relation to the asset owned by the designated person. Equally, freezing measures must be implemented when there is any information or indication that there are funds controlled (directly or indirectly) by the designated person.

In cases where a designated person owns or controls funds or other financial assets or economic resources in which unlisted party also have a segregable interest, freezing measures must be implemented on the share owned or controlled by the designated person. For example, if a designated person owns or controls 1% of a legal entity, the freezing measure must be applied only on the share of the asset owned or controlled by the designated person.

If an asset is owned or controlled by a designated person and an unlisted party, and the interest owned or controlled by the unlisted party cannot be segregated, the entire asset should be subject to the freeze. For example, a bank account is owned by a designated person and by a person not subject to sanctions, then the bank account must be frozen.

II. **Prohibition of making funds available:** No person is permitted to provide funds to or render financial services or other services related to, whether in whole or in part, directly or indirectly, or for the benefit of any designated person.

4. **Notify:**

Co-ops must report within 3 days from taking any freezing measure and/or attempted transactions with the designated persons to the NCRA and NRB. The NCRA and NRB then notify the same to the DMLI within 3 days of receipt of such information.

**How long do these measures last?**

Asset freezing and prohibition measures have no time limit i.e. the funds must remain frozen, and the prohibition to offer funds and services stands until the individual, group, or entity is removed from the Domestic Terrorist List or the UN List or until there is a freezing cancellation decision made by a competent authority or the UNSC.

**F. Enforcement of TFS**

NCRA has the legal capacity to supervise the implementation of TFS. Failing to comply with the TFS obligations shall result in consequences as mentioned in Section 29K of ALPA:

Co-ops are subject to administrative sanctions as mentioned in Section 7V of ALPA ranging from warning to revocation of license.

Co-ops are subject to penalty ranging from NPR 100,000 to 10 Million.

**G. Requesting an exemption or permission to access frozen funds**

A person affected by the freezing of all properties and funds due to his/her designation in the UN List or Domestic Terrorist List may submit an application as per Rule 72(1) of ALPR to the MoHA in the format as given in Schedule 8 of ALPR with a request to provide access to the frozen properties or funds required for the basic humanitarian

need of himself/herself and family members. The IP-TFS issued by MOHA, designee list and freezing orders, guidelines for de-listing, and unfreezing of assets and use of TFS Portal can be found at MoHA website.

Consolidated List: https://main.
un.org/securitycouncil/en/content/un-sc-consolidated-list

Freezing/De-freeze Order: https://www.moha.gov.np/page/freezing-orders

Delist Guidelines: https://www.moha.gov.np/page/guidance-on-de-listing-and-unfreezing-of-assets

IP-TFS: sanctions-3 https://www.moha.gov.np/page/implementation-procedure-of-targeted-financial-

TFS Portal: https://tfs.moha.gov.np

TFS Portal User Manual: https://tfs.moha.gov.np

In addition, REs are required to go through the website of the regulatory agencies.

MOHA may, if it finds that there is no alternative for basic expenses during the inquiry over the application, release reasonable and necessary frozen properties or funds for the following purposes:

a) Expenses for daily foodstuffs, housing and health;

b) Expenses for taxes and other fees for electricity, telephone, drinking water to per paid in accordance with the prevailing laws;

c) Expenses for the education of children;

d) Expenses for legal protection and judicial proceedings;

e) Expenses for due protection of frozen properties or funds.

However, for a designee whose property and fund are frozen pursuant to the UN List, release shall be made as per decision made by relevant UNSC Sanctions Committee, which shall be facilitated by MOHA after receiving the application from the designer.

## H. Procedure to cancel or lift the freezing measures

Co-ops should be aware that the freezing procedures and other measures shall be lifted against an individual, group or entity under the following situations:

- After the inquiry by the MoHA it is concluded that the individual, group, or entity that has a name identical or similar to a designated person was only a false positive; or
- The designated person has been removed from the list by the relevant authorities.

Procedures set out in Rule 67 of ALPR shall be applicable in this regard.

## I. Application of primary measures

- Co-ops should be aware that his guidelines is an instrument facilitating the implementation of related provision in the ALPA, ALPR, Regulatory Directives, MoHA IP-TFs and related international standard. In the context of contraction of this guideline to those legal measures,
- The legal measures shall prevail.
- Issues of the ALPA, ALPR and regulatory directives should be implemented together, with priority.
- Co-ops can apply best practices or other measures applied by UNO with regard to TFS.
- Non-compliance of this guideline will be penalized in line with ALPA, ALPR and other relevant laws.

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई जारी गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८२

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई जारी गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८२

*जारी मितिः २०८२/०७/२५*

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि यस निर्देशनमा "ऐन" भनिएको) र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ (यसपछि यस निर्देशनमा "नियमावली" भनिएको) मा तोकिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनद्वारा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ संस्थाहरूमा (यसपछि यस निर्देशनमा "संस्था" भनिएको) हुने वित्तीय कारोबारको स्वच्छता एवं पारदर्शिता कायम गर्दै सहकारी वित्तीय प्रणालीलाई संरक्षण गर्न सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) र सहकारी ऐन २०७४ को दफा १०३ज. ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले यो निर्देशन जारी गरेको छ।

१. **सदस्य पहिचान तथा सम्पुष्टि गर्नुपर्ने :**

(१) संस्थाले सदस्य तथा सदस्य हुन इच्छुक व्यक्तिको ऐनको दफा ७क र नियमावलीको नियम ३, ४ र ५ बमोजिम पहिचान तथा सोको सम्पुष्टि गर्दा देहायका उपाय समेत अवलम्बन गर्नुपर्नेछ।

(क) संस्थाले सदस्यको पहिचान तथा सोको सम्पुष्टि गर्दा संस्थाले आवश्यकतानुसार जानकार सदस्य, छिमेकी वा अन्य भरपर्दो स्रोतबाट अनौपचारिक रूपमा समेत बुझ्न सक्नेछ।

(ख) विवरण तथा कागजात पेस गर्दा वा सोमा भएको परिवर्तनको सूचना दिँदा सम्बन्धित व्यक्ति स्वयंम उपस्थित हुनुपर्नेछ।

(ग) सदस्य पहिचान तथा सम्पुष्टि गर्न आवश्यक कागजात, विवरण तथा जानकारी उपलब्ध नगराउने र उपलब्ध गराएको कागजात विवरण तथा जानकारीका आधारमा सदस्य पहिचान तथा संम्पुष्टि हुन नसक्ने व्यक्तिलाई सदस्य बनाई कारोबार गर्न नहुने।

(घ) संस्थाले राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचको आधारमा राष्ट्रिय परिचयपत्र नम्बरको विवरण उपलब्ध भएसम्म सोही आधारमा सदस्यहरुको खाता खोल्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२) संस्थाले सदस्यको पहिचानको लागि भराउने सदस्य पहिचान (KYM) फारामको ढाँचा देहाय बमजिम हुनेछः-

(क) प्राकृतिक व्यक्तिको हकमा अनुसूची-१ बमोजिम।

(ख) कानूनी व्यक्तिको हकमा अनुसूची-२ बमोजिम।

(ग) प्रत्येक संघले सदस्यता प्रदान गर्दा अनुसूची-३ बमोजिमको जोखिम मूल्याङ्कन अद्यावधिक प्रतिवेदन अनिवार्य पेश गर्ने संघसंस्थालाई मात्र सदस्यता प्रदान गर्नुपर्नेछ।

(३) संस्थाले सदस्यको पहिचान तथा सम्पुष्टि गर्दा निज वास्तविक धनी तथा हिताधिकारी भए नभएको समेत पहिचान गर्नुपर्नेछ।

(४) संस्थाले सदस्यको पहिचान गर्दा प्राकृतिक व्यक्तिको हकमा निजको ल्याप्चे छाप र सहकारी ऐन, २०७४ को दफा ३० को उपदफा (२) बमोजिमका सदस्यको हकमा आधिकारिक छाप र खाता सञ्चालकको ल्याप्चे छापसमेत लिनुपर्नेछ।

(५) अभिभावक वा संरक्षकको हैसियतले कसैले बाल बचत खातामा बचत जम्मा गरेको रहेछ भने त्यस्तो अभिभावक वा संरक्षकको ल्याप्चे छाप लिनुपर्नेछ।

(३) आफ्नो सदस्यको सही पहिचान तथा सम्पुष्टि गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ।

२. **सूचीकृत व्यक्ति पहिचान सम्बन्धी व्यवस्था** :

(१) सस्थाले सदस्य पहिचानलगायत अन्य काम-कारोबार गर्दा ऐनको परिच्छेद ६ख. तथा नियमावलीको परिच्छेद ६ (सूचिकृत, रोक्का वा फुकुवा गर्ने सम्बन्धी अन्य व्यबस्था) को नियम ६९ बमोजिम गृह मन्त्रालयले विभिन्न माध्यमबाट उपलब्ध गराएको व्यक्ति, समूह वा संगठनको सूची वा सोसँग सम्बद्ध कुनै व्यक्ति, समूह वा संगठनसँग आफ्नो कारोबार भए नभएको यकिन गरी कार्य गर्नु पर्नेछ।

(२) यस ऐन/नियमावली तथा निर्देशन बमोजिम संस्थाले सूचिकृत व्यक्ति, समूह वा संगठन वा सोसँग सम्बद्ध व्यक्तिको खाता वा अन्य कुनै रकम संस्थामा रहेको भएमा त्यस्तो सम्पत्ति तथा कोष संयुक्त राष्ट्रसंघको वेवसाइट वा अन्यको हकमा गृह मन्त्रालयको वेवसाइटमा प्रकाशन भएको समयले बढीमा चौबिस घण्टाभित्र रोक्का राख्न संस्थाले सो बमोजिमको संस्थागत व्यवस्था गर्नुपर्ने छ र सो पश्चात समेत नियमित अनुगमन गरी काम कारबाही गर्नु गराउनु पर्नेछ।

(३) संस्थाले आफ्नो काम कारबाहीको सिलसिलामा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणका लागि ऐनको परिच्छेद ३ अन्तर्गतका विषय कार्यान्वयन गर्न गराउन आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्नु पर्नेछ । साथै, यस दफाको प्रभावकारी कार्यान्वयनको लागी गृह मन्त्रालय र प्राधिकरणले जारी गरेको निर्देशन तथा मार्गदर्शन पालना गर्नु गराउनु पर्नेछ।

(४) संस्थाले सूचिकृत व्यक्ति, समूह वा संगठन वा सोसंग सम्बद्ध व्यक्तिको खाता वा अन्य कुनै रकम संस्थामा रहेको भएमा तत्काल रोक्का राखी नियमावलीको अनुसूची १० बमोजिमको ढाँचामा प्राधिकरणलाई ३ कार्यदिन भित्र जानकारी गराउनुपर्नेछ र सोको एक प्रति वित्तीय जानकारी इकाईलाई समेत उपलब्ध गराउनुपर्नेछ।

**३. उच्च पदस्थ व्यक्तिको पहिचानसम्बन्धी विशेष व्यवस्था :**

(१) संस्थाले ऐनको दफा ७.ख बमोजिम सदस्यसँग व्यावसायिक सम्बन्ध स्थापित गर्दा वा कारोबार गर्दा उच्च पदस्थ व्यक्तिको पहिचान गर्ने संयन्त्र/प्रणालीको विकास गर्नुका साथै देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ :-

(क) सदस्यको विवरण नियमित रूपले अद्यावधिक गर्ने,

(ख) उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान गर्ने,

(ग) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान गर्ने,

(घ) उच्च पदस्थ व्यक्तिको पदिय हैसियत र संलग्नता बमोजिम निज र निजको परिवारको सदस्य तथा निजसँग सम्बद्ध व्यक्ति वा सदस्यको वृहत सदस्य पहिचान सम्बन्धी उपयुक्त उपाय अपनाई त्यस्ता सदस्यलाई जोखिम व्यवस्थापनमा उच्च जोखिम स्तरमा राख्ने कार्य गर्ने ।

(२) संस्थाले उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमका प्रकियाहरू अवलम्बन गर्न सक्नेछ :-

(क) सदस्यबाट सूचना लिने वा स्वःघोषणा गर्न लगाउने,

(ख) सार्वजनिक रूपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) व्यावसायिक रूपमा उपलब्ध तथ्याङ्क लिने,

(घ) सामाजिक सञ्जालमा उपलब्ध सूचनाको विश्लेषण गर्ने ।

(३) उच्च पदस्थ व्यक्तिसंग सम्बन्ध स्थापना गर्नु पूर्व संस्थाको माथिल्लो व्यवस्थापकीय तहको स्वीकृती लिएर मात्र गर्नु पर्नेछ ।

(४) संस्थाले उच्च पदस्थ व्यक्तिको विवरण राख्दा देहाय बमोजिम वर्गीकरण गरी राख्नु पर्नेछ ।

(क) पदमा रहेका उच्च पदस्थ व्यक्ति,

(ख) पदमा नरहेका उच्च पदस्थ व्यक्ति ।

(५) उच्च पदस्थ व्यक्तिको अभिलेख पछिल्लो पटक निज पदबाट हटेको मितिले कम्तीमा पनि दश वर्ष सम्म राख्नुपर्नेछ।

(६) संस्थाले उच्च पदस्थ व्यक्तिको खातामा राष्ट्रिय परिचयपत्रको विवरण उपलब्ध भए सम्म यथाशिघ्र अद्यावधिक गर्नुपर्नेछ।

४. **विद्यमान सदस्यको पहिचान तथा सम्पुष्टि सम्बन्धी व्यवस्था** :

(१) संस्थाले ऐन, नियमावली र यो निर्देशन बमोजिम विद्यमान सदस्यको पहिचान तथा सम्पुष्टि र अद्यावधिक देहाय बमोजिम गर्नुपर्नेछ -

(क) उच्च जोखिम भएका सदस्यको हकमा एक वर्षमा कम्तीमा एक पटक,

(ख) मध्यम जोखिम भएका सदस्यको हकमा दुई वर्षमा कम्तीमा एक पटक,

(ग) न्यून जोखिम भएका सदस्यको हकमा तीन वर्षमा कम्तीमा एक पटक,

(२) संस्थालाई जोखिममा तात्विक फरक परेको लागेमा जोखिमसापेक्ष हुने गरी ४(१) मा उल्लिखित अवधि अगावै पहिचान अद्यावधिक गर्नुपर्नेछ।

५. **वास्तविक धनी पहिचान तथा सम्पुष्टि सम्बन्धी व्यवस्था** :

(१) संस्थाले देहायका आधारमा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्नुपर्नेछ :

(क) व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्नको लागि मनासिव उपायहरु अपनाएको छ/छैन।

ख) उच्च पदस्थ व्यक्ति, उच्च जोखिममा परेका व्यक्ति तथा शंकास्पद व्यक्तिले अन्य कुनै व्यक्तिको तर्फबाट व्यवसायिक सम्बन्ध स्थापना वा कारोबार सम्बन्धी काम कारबाही गरे वा नगरेको।

(ग) खण्ड (ख) बमोजिम यकिन गर्दा कुनै व्यक्तिले अर्को व्यक्तिको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गरेको देखिएमा त्यस्तो व्यक्तिको पहिचान तथा सोको सम्पुष्टि सम्बन्धमा दफा ऐनको ७क. को उपदफा (४) को खण्ड (घ) बमोजिम उपाय अपनाएको छ/छैन।

(२) संस्थाले ऐनको दफा ७ग. र नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्दा देहाय बमोजिमका उपायसमेत अवलम्बन गर्नुपर्छः

(क) सदस्यले पेश गरेको विवरण, कारोबार र निजको हैसियत मिल्छ, मिल्दैन ?

(ख) सदस्यको काम कारोबार उपर अन्य कुनै व्यक्तिको कुनै किसिमको प्रभाव वा स्वार्थ हुन सक्ने अवस्था छ, छैन ?

(ग) सदस्यको पुख्यौली तथा वर्तमान आर्थिक अवस्था स्वाभाविक देखिन्छ, देखिदैन ?

(घ) सदस्य र निजसँग सम्बद्ध व्यक्तिको बारेमा सार्वजनिक रूपमा उपलब्ध सूचनासँग तादात्म्य छ, छैन ?

(ङ) संस्थाले तय गरेका अन्य उपायहरु।

(३) संस्थाले वास्तविक धनी पहिचान गर्ने, निजहरूको कारोबार अनुगमन गर्ने तथा त्यस्तो कार्य गर्ने प्रभावकारी व्यवस्था मिलाउनुपर्नेछ।

६. **सरलीकृत र बृहत सदस्य पहिचान सम्बन्धी व्यवस्था** :

(१) सरलीकृत सदस्य पहिचान सम्बन्धी (Member Due Diligence– MDD) व्यवस्थाः संस्थाले ऐनको दफा ७च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत रूपमा पहिचान गरिएका सदस्यहरूको बिबरण छुट्टै राख्नुपर्नेछ।

(२) बृहत् सदस्य पहिचान सम्बन्धी (Enhanced Member Due Diligence– EMDD) व्यवस्थाः संस्थाले ऐनको दफा ७ङ र नियमावलीको नियम ८ बमोजिम देहायका सदस्यको बृहत पद्धतिबाट थप पहिचान गर्नुपर्नेछ र जोखिम व्यवस्थापनमा उच्च जोखिम स्तरमा राख्नु पर्नेछ।

(क) विद्युतीय माध्यमबाट कारोबार गर्ने सदस्य,

(ख) भ्रष्टाचार, कर छलीलगायत अन्य आपराधिक कार्यका दृष्टिले उच्च जोखिममा रहेको सदस्य,

(ग) उच्च आर्थिक कारोबार गर्ने सदस्य,

**स्पष्टीकरण**ः यस खण्डको प्रयोजनका लागि उच्च आर्थिक कारोबार गर्ने सदस्य भन्नाले वार्षिक रु. ३० लाखभन्दा बढी बचत गरेको वा शेयर खरिद गरेको वा ऋण लिएको सदस्य सम्झनुपर्छ।

(घ) आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठूलो वा अस्वभाविक प्रकृतिको कारोबार गर्ने सदस्य तथा उच्च पदस्थ व्यक्ति र त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा निजसँग सम्बद्ध व्यक्ति वा सदस्य।

(ङ) संस्थाले बृहत् पहिचान गर्न आवश्यक देखेको अन्य सदस्य।

संस्थाले ६(२) मा उल्लिखित सदस्य तथा निजसँग सम्बद्ध व्यक्तिसँग कारोबार गर्दा नियमावलीको नियम ८ मा उल्लिखित उपायहरूको अतिरिक्त देहायका उपायहरू अवलम्बन गर्नुपर्नेछ :-

(क) सम्पत्तिको स्रोत पहिचान गर्न औपचारिक वा अनौपचारिक रूपमा सूचना सङ्कलन गर्ने,

(ख) खण्ड (क) बमोजिम प्राप्त सूचनाको जाँचबुझ गर्ने र निष्कर्ष अनुरूप आवश्यक कार्य गर्ने,

(ग) कारोबारको अनुगमनका लागि सीमा निर्धारण गर्ने।

७. **जोखिम व्यवस्थापन गर्नुपर्ने :**

(१) संस्थाले ऐनको दफा ७घ. बमोजिम जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा उक्त दफामा उल्लिखित आधारका अतिरिक्त देहायका आधारसमेत लिनुपर्नेछ :-

(क) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन,

(ख) ऐनमा उल्लिखित विषयमा अन्तर्राष्ट्रिय रूपमा भएको अध्ययन तथा अनुसन्धान प्रतिवेदन,

(ग) सदस्य तथा सम्बद्ध व्यक्तिको आर्थिक अवस्था तथा पृष्ठभूमि,

(घ) पदीय वा अन्य प्रभाव स्थिति वा अनग्र स्वामित्वको अवस्था,

(ङ) पेश भएका विवरण, प्रयोग गर्न चाहेको वा गरेको उत्पादन वा सेवा, वितरण माध्यम तथा कारोबारहरूको स्वाभाविकता, विश्वसनीयता र तादात्म्यता,

(च) सदस्यको आर्थिक वा अन्य अवस्थामा आएको परिवर्तन,

(छ) सदस्य रहेको वा सदस्यको काम कारोबार भएको स्थानको विशेषता,

(ज) संस्थाले उपयुक्त देखेका अन्य आधार।

(२) सहकारी संघ/संस्थाले ऐनको दफा ७घ. तथा दफा ३५ बमोजिम सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा वर्ष भरी गरेका काम कारबाहीको समीक्षा सहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

यसरी पेश हुने प्रतिवेदनमा संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यविधि बनाए/नबनाएको, बनाएको भए सो कार्यविधिमा परिमार्जन गरे/नगरेको, जोखिम विश्लेषण गरिएको/नगरिएको, गरिएको भए सो आधारमा वर्गीकरण गरिएको सदस्यहरुको संख्या, वित्तीय जानकारी इकाइको goAML मा आवद्ध भए/नभएको, आबद्ध भएको भए गोएमएल (goAML) सिस्टममा पठाइएको प्रतिवेदनको संख्या, कार्यान्वयन अधिकारीको नाम र सम्पर्क नम्बर, सहकारी संस्थाको जम्मा सदस्य संख्या र सदस्य पहिचान तथा सम्पुष्टि गरिएका सदस्य संख्या लगायत संस्थाले गरेका अन्य काम कारबाही समावेश हुनु पर्नेछ।

(३) सहकारी संघ/संस्थाले सदस्यहरुको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विवरण अनुसूची-३ बमोजिमको ढाँचामा प्रत्येक वर्ष श्रावण मसान्त भित्र प्राधिकरणमा पेश गर्नुपर्नेछ।

(४) संस्थाले जोखिम व्यवस्थापनका लागि आवश्यक नीतिगत, कार्यविधिगत तथा नियन्त्रणात्मक व्यवस्था मिलाउनुपर्नेछ।

(५) संस्थाले बुँदा ७ (२) बमोजिमको जोखिम मूल्यांकन प्रतिदेवनको आधारमा प्रत्येक आर्थिक वर्षमा जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गरी जोखिममा आधारित वार्षिक कार्ययोजना बनाई लागू गर्नु पर्नेछ।

(६) संस्थाले बुँदा ७ (२) बमोजिम बनाएको जोखिम मूल्यांकन प्रतिदेवन ऐनको दफा ३५ज बमोजिम स्वतन्त्र समीक्षा गराउनु पर्नेछ।

८. **सीमा कारोबारको स्रोत**: खुलासा लिनुपर्ने संस्थाले रु. १० लाख वा सोभन्दा बढीको देहायको कारोबार गर्दा सम्बन्धित सदस्य वा व्यक्तिबाट स्रोत खुलासा लिनुपर्नेछ :-

(क) संस्थाको शेयर खरिद गर्दा,

(ख) संस्थामा बचत जम्मा गर्दा,

(ग) संस्थाबाट लिएको ऋणको साँवा, व्याज भुक्तानी गर्दा,

(घ) विप्रेषण (रेमिट्यान्स) वा स्थानान्तरण (ट्रान्स्फर) को रकम भुक्तानी लिँदा, खातामा जम्मा वा खातासार गर्दा।

९. **निरन्तर अनुगमन गर्नुपर्ने** : संस्थाले ऐनको दफा ७झ. बमोजिम निरन्तर अनुगमन गर्दा उच्च जोखिममा वर्गीकृत भएका सदस्य तथा कारोबारलाई प्राथमिकता दिनुपर्नेछ।

१०. **कारोबार गर्न नहुने** : संस्थाले ऐनको दफा ६ र ७ण. मा उल्लिखित व्यक्तिका अतिरिक्त सदस्यता पहिचानका आधार पूरा नभएका व्यक्तिसँग कारोबार गर्नु हुँदैन।

११. **सुरक्षात्मक उपाय अवलम्बन गर्नुपर्ने**: संस्थाले ऐनको दफा ७ट. बमोजिम नयाँ प्रविधिबाट वा व्यक्ति उपस्थित नभई कारोबार सञ्चालन गर्दा र सोका लागि कार्यविधि निर्माण गर्दा जोखिमको समुचित व्यवस्थापन हुने गरी आवश्यक उपायहरू अवलम्बन गर्नुपर्नेछ।

१२. **सीमा कारोबारको प्रतिवेदन** :

(१) संस्थाले ऐनको दफा १०क. बमोजिमको सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) सम्बन्धी प्रतिवेदन कारोबार सम्पन्न भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी इकाईले तोके बमोजिमको ढाँचामा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

स्पष्टीकरणः- सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) भन्नाले नेपाल राष्ट्र बैंकले तोकेको देहायको कारोबारलाई सम्झनुपर्छ :-

(क) कुनै सदस्यले एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खातामा गरेको रु. १० लाख वा सोभन्दा बढी रकमको नगद जम्मा कारोबार वा एकै पटक वा पटक पटक गरी एक दिनमा खाताबाट गरेको रु. १० लाख वा सो भन्दा बढी रकमको नगद खर्च कारोबार।

(ख) कुनै सदस्यले एकै पटक वा पटक पटक गरी एक दिनमा सम्बन्धित सहकारी संस्थाको बैंक तथा वित्तीय संस्थाको खातामा गरेको रु.१० लाख वा सोभन्दा बढी रकमको नगद जम्मा कारोबार।

नोटः सदस्यले सहकारी संस्थामा पेश गर्ने बैंक तथा वित्तीय संस्थाको नगद जम्मा भौचर अनुसार प्रतिवेदन गर्नुपर्ने।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले देहाय बमोजिमको कारोबारको विवरण वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने छैन।

(क) सहकारी ऐन, २०७४ बमोजिम संस्थासँग कारोबार गर्न पाउने सरकारी कार्यालय, विशेष ऐन अन्तर्गत स्थापित निकायसँगको कारोबार।

(ख) संस्थाले आफ्नो कर्मचारीलाई प्रचलित कानून बमोजिम कर्जा सापटी वा सुविधा प्रदान गरेको करोबार।

(ग) संस्थाले कुनै पनि बैंक वा वित्तीय संस्थासँग गरेको नगद कारोबार।

(घ) सस्थाले सहकारी बैंकसँग गरेको नगद कारोबार।

तर छुट दिइएको उक्त करोबारहरूको हकमा शङ्कास्पद कारोबारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छुट दिइएको मानिने छैन।

**१३. शङ्कास्पद कारोबार सम्बन्धमा :**

(१) सस्थाले ऐनको दफा ७ढ. मा उल्लिखित खास कारोबारका सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागू गर्नुपर्नेछ।

(२) संस्थाले ऐनको दफा ७ध. बमोजिम सदस्य, कारोबार वा सम्पत्तिको सम्बन्धमा देहायको अवस्थाहरु विद्यमान भएमा शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन आवश्यक जाँचबुझ गरी तत्काल वित्तीय जानकारी इकाइले तोकेको ढाँचामा वित्तीय जानकारी इकाइमा पेश गर्नुपर्नेछ। यस्तो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाइले जारी गरेको STR/SAR Guidelines, goAML Operational Guidelines तथा अन्य मार्गदर्शनहरुलाई आधार मान्नु पर्नेछ।

(क) कुनै सम्पत्ति, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कसूरसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नु पर्ने मनासिब आधार भएमा वा

(ख) कुनै सम्पत्ति, आतङ्ककारी कार्य, आतङ्ककारी व्यक्ति वा आतङ्ककारी संगठन वा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित वा जोडिएको वा त्यस्तो कार्यमा वा त्यस्तो व्यक्ति वा संगठनबाट प्रयोग हुन सक्ने शंका लागेमा वा शंका गर्नुपर्ने मनासिब आधार भएमा।

(३) सस्थाले उपदफा (२) बमोजिम कुनै सदस्यले शंकास्पद कारोबार गर्ने प्रयास मात्र गरेमा समेत प्रतिवेदन दिनु पर्नेछ।

(४) अनुसन्धान गर्ने निकायहरूबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको अवस्थामा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारीमा आएको अवस्थामा बाहेक वित्तीय जानकारी इकाईलाई सूचित गर्न आवश्यक हुने छैन। तर त्यस्तो व्यक्ति वा संस्था तथा कारोबारसम्बन्धी विवरण माग गरिएको अवस्थामा उपलब्ध गराउन सक्ने गरी तयार गरी राख्नुपर्नेछ।

(५) सस्थाले शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्ने अवस्था विद्यमान हुँदा हुँदै पनि प्रतिवेदन पेश नगरेको देखिएमा नियमनकारी निकायले सोको जानकारी वित्तीय जानकारी इकाईलाई दिन सक्नेछ।

१४. **वित्तीय जानकारी इकाईको (FIU) निर्देशन पालना गर्नुपर्ने**

(१) संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा कारोबार तथा शङ्कास्पद कारोबारसम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गर्नुपर्नेछ।

(२) संस्थामा भएको कारोबारको आधारमा सीमा तथा शंकास्पद कारोबार वित्तीय जानकारी इकाइमा पेश गर्नुपर्ने अवस्थामा सीमा तथा शंकास्पद कारोबारको प्रतिवेदन अनिवार्य रुपमा वित्तीय जानकारी इकाइको goAML Software System (Production Environment) बाट पेश गर्न उक्त इकाईबाट प्रणालीमा पहुँच पास लिनुपर्नेछ। यसका लागि संस्थाले आफ्नो कोर सिस्टम वा अन्य विद्युतीय माध्यममा सदस्यहरुको विवरण अद्यावधिक गरी राख्नुपर्नेछ।

१५. **संस्थाको जिम्मेवारी** : ऐन, नियमावली र यो निर्देशन बमोजिम संस्थाले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रूपमा पूरा गर्न गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन, स्रोत समेतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सञ्चालक समितिको हुनेछ।

१६. **प्रमुख कार्यकारी** : अधिकृतको जिम्मेवारी हुने ऐन, नियमावली र यो निर्देशन बमोजिम संस्थाले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न आवश्यक व्यवस्थापकीय जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ।

१७. **कार्यान्वयन अधिकारी** :

(१) संस्थाको सञ्चालक समितिले ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र सोअन्तर्गत जारी निर्देशिका बमोजिमको दायित्व पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्नुपर्नेछ।

(२) कार्यान्वयन अधिकारीको नियुक्ति नभएसम्मका लागि प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको समेत जिम्मेवारी बहन गर्नुपर्नेछ।

(३) संस्थाले कार्यान्वयन अधिकारीको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल, लगायतका विवरण वित्तीय जानकारी इकाई र प्राधिकरण समक्ष पेस गर्नुका साथै कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सोको समेत जानकारी पठाउनुपर्नेछ।

(४) संस्थाबाट कार्यान्वयन अधिकारीले ऐनको दफा ७त. को उपदफा (४) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त देहायका कार्यहरू समेत सम्पादन गर्ने गरी तोक्नुपर्नेछ :-

(क) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी बनाउन सम्पर्क बिन्दु (फोकल प्वाइन्ट) को रूपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रूपमा गर्न नीति, कार्यविधि र प्रणालीको मस्यौदा तर्जुमा गरी पेश गर्ने,

(ग) कर्मचारी वा अन्य स्रोतबाट ऐन, नियमावली र यस निर्देशन बमोजिम प्राप्त अस्वाभाविक वा शंकास्पद कारोबार सम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न संस्थाका अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्बाध रूपमा जुनसुकै बखत प्राप्त गर्न सक्ने,

(ङ) ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन भए, नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

(५) कार्यान्वयन अधिकारीलाई सहयोग गर्न संस्थाले आवश्यक कर्मचारीहरूको व्यवस्थासमेत गर्नुपर्नेछ ।

(६) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगराउने सम्बन्धित संस्थाका पदाधिकारी वा कर्मचारीलाई कारबाहीको सिफारिस गर्नुपर्नेछ र सो सिफारिस बमोजिम सम्बन्धित संस्थाले कारबाही गरी सोको जानकारी वित्तीय जानकारी इकाई तथा प्राधिकरणलाई गराउनु पर्नेछ ।

(७) संस्थाको सञ्चालक समितिले कम्तीमा छ महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशन बमोजिम भए, गरेका काम कारबाहीको समीक्षा गर्नुपर्नेछ ।

(८) ऐन, नियमावली र यस निर्देशनको पालना प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि संस्थाले आफ्ना सदस्य, सञ्चालक समितिका सदस्यहरू तथा उच्च व्यवस्थापन र कर्मचारीहरूको क्षमता विकासको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(९) संस्थाले शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन पठाउदा संस्थाको कार्यान्वयन अधिकारीको एकाघर परिवार वा नजिकको नातेदार हुने अवस्था देखिएमा व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृतले सोको

यकिन गरी अन्य कर्मचारीबाट प्रतिवेदन पठाउने व्यवस्था गर्ने र सोको जानकारी सञ्चालक समितिलाई दिनु पर्नेछ ।

१८. **गोपनीयता कायम गर्नुपर्ने :**

(१) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशन बमोजिम तयार वा पेस गरेको सीमा वा शङ्कास्पद कारोबारको प्रतिवेदनको सूचना वा जानकारी वित्तीय जानकारी इकाई बाहेक अन्य कसैलाई दिनु हुँदैन ।

तर प्रतिवेदन र प्रतिवेदनमा उल्लिखित नाम नामेसीबाहेक अन्य विवरण प्राधिकरण वा प्रचलित कानूनबमोजिम अधिकारप्राप्त अधिकारीले माग गरेका बखत उपलब्ध गराउन यस दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) संस्थाको पदाधिकारी, कर्मचारी, सल्लाहकार वा लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका सिलसिलामा प्राप्त सूचना वा जानकारी सम्बन्धित वा अन्य कुनै व्यक्तिलाई कुनै तबरले प्रकट नगरी गोप्यता कायम राख्नुपर्नेछ ।

(३) ऐन, नियमावली तथा यस निर्देशन बमोजिम गोपनीयता कायम गर्नुपर्ने विषयका सन्दर्भमा ऐनको दफा ३७ बमोजिम बचाउ हुने अवस्थामा बाहेक कोही कसैले गोपनीयता सम्बन्धी व्यवस्था पालना नगरेमा ऐनको दफा ४४क. तथा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

१९. **आन्तरिक नीति तथा कार्यविधि स्वीकृत गराई लागू गर्नु पर्ने :**

(१) ऐन, नियमावली र यो निर्देशन बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरूको प्रभावकारी सम्पादनका लागि ऐनको दफा ७त. को उपदफा (१) लगायत ऐन, नियमावली र यो निर्देशनमा रहेका अन्य व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न संस्थाले आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागू गर्नुपर्नेछ ।

(२) संस्थाले नीति तर्जुमा गर्दा देहायका विषयसमेत समावेश गर्नुपर्नेछ :

(क) सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र विधि व्यवहारको प्रचलन,

(ख) सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी तथा सम्बद्ध अपराध निवारण प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचना तथा प्रभावकारिता सम्बन्धी व्यवस्था र रणनीति,

(ग) सदस्य, प्रतिनिधि र कर्मचारीहरूमा उच्चतम नैतिक मर्यादास्तर (इथिकल स्ट्यान्डर्स) को अपेक्षा, झुठ्ठा विवरणको घोषणा (फल्स डेक्लेरेसन) र विचलनमा शून्य सहिष्णुता,

(घ) ऐन, नियमावली तथा यो निर्देशनका व्यवस्थाको कार्यान्वयनमा साधारण सदस्य, विभिन्न पदमा निर्वाचित पदाधिकारी एवं कर्मचारीहरूलाई स्वतन्त्र, निर्भीक एवं अग्रतापूर्ण ढङ्गले सूचना दिन, प्रतिवेदन गर्न र अन्य रूपमा कर्तव्य पालना गर्न प्रोत्साहन एवं संरक्षण,

(ङ) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणमा संस्थाको दायित्वका सम्बन्धमा सदस्य सूचना, शिक्षा, सञ्चार गतिविधिहरूका साथै कर्मचारीहरूको दक्षता विकासमा लगानी र नियमित प्रतिवेदन।

(३) संस्थाले आन्तरिक कार्यविधि तर्जुमा गर्दा ऐनको दफा ७त. को उपदफा (२) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त देहायका विषयसमेत समावेश गर्नुपर्नेछ :-

(क) आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन,

(ख) सदस्यको पहिचान तथा अद्यावधिकरण,

(ग) जोखिम मूल्याङ्कन तथा व्यवस्थापन,

(घ) अनुगमन पद्धति,

(ङ) अस्वाभाविक, असामान्य तथा शंकास्पद कारोबारको पहिचान तथा प्रतिवेदन पद्धति,

(च) संस्थाको सञ्चालक समिति, लेखापरीक्षक लगायत अन्य पदाधिकारी तथा कर्मचारीले नियमित रूपमा सम्पादन गर्नुपर्ने कार्यका लागि कार्यविषय (पोर्टफोलियो अनुसारको आवश्यक जांचसूची (चेक लिष्ट),

(छ) कागजपत्रको हिफाजत, सूचना संरक्षण, संरचनामा पहुँच नियन्त्रण, प्रचलित कानूनबमोजिम माग भएका सूचना दिने प्रक्रियाहरूको स्थापना एवं अभिलेखका लागि आवश्यक भौतिक सुविधा तथा उपकरणको निर्धारण गर्ने व्यवस्था,

(ज) कर्तव्य पालनामा लापरवाही गर्ने कर्मचारीउपर अनुशासनको कारबाही,

(झ) आन्तरिक नियन्त्रण, सुपरिवेक्षण, प्रतिवेदन र समीक्षा,

(ञ) अभिलेख सम्बन्धी व्यवस्था र अन्य आवश्यक विषय।

(४) संस्थाले कानूनमा भएको परिवर्तन, जोखिम मूल्यांकन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसूर गर्ने तरिका तथा प्रवृत्तिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रुपमा कम्तीमा एक पटक र आवश्यकता अनुसार एक पटक भन्दा बढी जोखिममा आधारित संस्थागत नीति, कार्यविधि तथा कार्ययोजना अद्यावधिक गरी प्राधिकरणमा पेश गर्नुपर्नेछ।

२०. **अभिलेख व्यवस्थापन** :

(१) संस्थाले ऐनको दफा ७द., नियमावलीको नियम १८ तथा यस निर्देशन बमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचना कम्तिमा पाँच वर्षसम्म सुरक्षित राख्नुका साथै त्यसरी राखिएका कागजातहरूको विवरण आवश्यक परेका बखत तत्काल फेला पार्न सकिने गरी भएसम्म विद्युतीय माध्यममा समेत राख्नु पर्नेछ।

(२) अन्य कुराका अतिरिक्त संस्थाले देहाय बमोजिम कागतपत्रको हिफाजत गर्नुपर्नेछ :-

(क) जिम्मेवारी तोक्ने,

(ख) अनधिकृत पहुँच नहुने व्यवस्था मिलाउने,

(ग) रु. ५ करोड वा सोभन्दा बढीको जायजेथा हुने संस्थाले अग्नि कवज (फायर पुफ) दराज र अन्य संस्थाले पनि यथासम्भव सुरक्षित दराजमा राख्ने, र

(घ) आन्तरिक कार्यविधिमा उल्लिखित उपायहरू अपनाउने।

२१. **आवश्यक उपायहरु अवलम्बन गर्नुपर्ने** : संस्थाले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमको दायित्व पूरा गर्ने सिलसिलामा यस निर्देशनमा गरिएका व्यवस्था बाहेकका देहाय बमोजिमका आवश्यक उपायहरु समेत अवलम्बन गर्नुपर्नेछ-

(१) संस्थाले सम्पत्ति शुद्धीकरण निवारणको क्षेत्रसँग सम्बन्धित विषयमा संस्थाका पदाधिकारी, कर्मचारी र सदस्यहरुले काम कर्तव्यको पालना गर्दा वा कारोबार गर्दा पालना गर्नुपर्ने सदाचार नीति तर्जुमा गरी लागू गर्नुपर्नेछ।

(२) संस्थाले प्रत्येक आर्थिक वर्षको वित्तीय कारोबारको लेखापरीक्षण गराउँदा सम्पत्ति शुद्धीकरण तथा सोसंग सम्बद्ध अन्य जोखिमको समेत ईजाजत पत्र प्राप्त स्वतन्त्र लेखापरिक्षकबाट लेखा परीक्षण गरे गराएको हुनुपर्नेछ।

(३) संस्थामा सहकारी ऐन, नियम बमोजिम साधारणसभाबाट संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्दा वा उच्च व्यवस्थापन तहमा नियुक्ति गर्दा सम्पत्ति शुद्धीकरण अपराध तथा अन्य अपराधिक गतिविधि वा सोसँग सम्बद्ध भएका व्यक्ति वा समूहको स्वामित्व, प्रतिनिधित्व वा नियन्त्रणमा संस्था नपर्ने उपयुक्त मापदण्ड र उपाय निर्धारण गरी निर्वाचन सम्पन्न गर्नुपर्नेछ।

(४) संस्थाको संचालक समितिले आफ्नो AML प्रणालीले प्रभावकारी रुपमा काम गरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरेको, अस्वभाविक गतिविधिको प्रयाप्त अनुगमन हुने व्यवस्था गरेको र आवश्यक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेस हुने गरे नगरेको निश्चित गर्नुपर्नेछ।

(५) मुद्रा मूल्य स्थानान्तरण, मुद्रा मूल्य व्यवसाय, घर जग्गा व्यवसाय, बहुमूल्य धातु वा वस्तु व्यवसाय, क्यासिनो व्यवसाय, मेनपावर व्यवसाय जस्ता संवेदनशिल पेशा व्यवसायमा संलग्न सदस्यहरुको विशेष नियमन, सुपरिवेक्षणको व्यवस्था सहित यस्तो कारोबार गर्ने सदस्यलाई उच्च जोखिम स्तरमा राख्नुपर्नेछ।

(६) संस्थाले ऐनको दफा ३५च बमोजिम सूचीकृत परिपालना परीक्षकबाट सम्परीक्षण गराई प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र ऐनको दफा ३५ङ मा समावेश भएका विषयहरु समेटी परिपालना प्रतिवेदन प्राधिकरण समक्ष पेश गर्नुपर्नेछ।

२२. **कारबाही तथा सजाय सम्बन्धी व्यवस्था**

(१) ऐन, नियमावली तथा यस निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने सहकारी संस्था र त्यस्तो संस्थाका कर्मचारी तथा पदाधिकारीलाई ऐन बमोजिमको कारबाही हुनेछ।

(२) संस्थालाई बुँदा २२(१) बमोजिम कारबाही गर्दा प्राधिकरणले कम्तीमा १५ दिनको समय दिई ऐनको दफा ७फ. को उपदफा (५) बमोजिम स्पष्टीकरण सोध्नेछ।

(३) बुँदा २२(२) बमोजिम सोधिएको स्पष्टीकरण चित्त बुझ्दो नपाइएमा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लङ्घनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभाव लगायतका विषयको गाम्भीर्यताका आधारमा ऐनको दफा ७फ, बमोजिम प्राधिकरणले देहाय बमोजिमको कुनै वा सबै कारबाही वा सजाय गर्न सक्नेछ।

| क्र. सं. | पालना नभएको व्यवस्था | कारबाही |
|---|---|---|
| १ | नीति तथा कार्यविधि नभएमा | ■ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने ।<br>■ दोस्रो पटकका लागि बचत सङ्कलन र/वा कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>■ तेस्रो पटकका लागि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ३० लाखसम्म जरिवाना गर्ने ।<br>■ त्यसपछिका लागि संस्थाको दर्ता खारेज सम्मको कारबाही गर्ने । |
| २ | पहिचानसम्वन्धी व्यवस्था कार्यान्वयन नभएमा | ■ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने ।<br>■ दोस्रो पटकका लागि बचत सङ्कलन र/वा कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>■ तेस्रो पटकका लागि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ३० लाखसम्म जरिवाना गर्ने।<br>■ त्यसपछिका लागि संस्थाको दर्ता खारेज सम्मको कारबाही गर्ने । |
| ३ | बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | ■ रु. ३० लाखदेखि गाम्भीर्यका आधारमा रु. ५ करोडसम्म जरिवाना वा थप सजाय गर्ने । |
| ४ | ऐनको परिच्छेद ६ख को व्यवस्था पालना भएको नपाइएमा | ■ पहिलो पटक रु. २० लाख जरिवाना गर्ने।<br>■ दोस्रो पटक रु. ५० लाख जरिवाना गर्ने ।<br>■ तेस्रो पटक देखि रु. २ करोड वा गाम्भीर्यताअनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| | | ■ पटक-पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा संस्थाको दर्ता खारेज गर्नेसम्मको कारबाही गर्ने । |

| क्र. सं. | पालना नभएको व्यवस्था | कारबाही |
|---|---|---|
| ५ | उच्च पदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | ▪ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने ।<br>▪ दोस्रो पटकका लागि बचत सङ्कलन र/वा कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>▪ तेस्रो पटकका लागि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ३० लाखसम्म जरिवाना गर्ने ।<br>▪ त्यसपछिका लागि संस्थाको दर्ता खारेज सम्मको कारबाही गर्ने । |
| ६ | वास्तविक धनीको पहिचान गर्ने, बृहत् पहिचान गर्ने तथा पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | ▪ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने ।<br>▪ दोस्रो पटकका लागि बचत सङ्कलन र/वा कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>▪ तेस्रो पटकका लागि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु ३० लाखसम्म जरिवाना गर्ने ।<br>▪ त्यसपछिका लागि संस्थाको दर्ता खारेज सम्मको कारबाही गर्ने । |
| ७. | जोखिम व्यवस्थापन भएको नपाइएमा र जोखिम मूल्याङ्कन प्रतिवेदन तयार नगरेमा वा नियमनकारी निकायमा नपठाएमा । | ▪ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने ।<br>▪ दोस्रो पटकका लागि बचत सङ्कलन र/वा कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>▪ तेस्रो पटकका लागि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ३० लाखसम्म जरिवाना गर्ने ।<br>▪ त्यसपछिका लागि संस्थाको दर्ता खारेज सम्मको कारबाही गर्ने । |

| क्र. सं. | पालना नभएको व्यवस्था | कारबाही |
|---|---|---|
| ८. | निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभएमा | ■ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने।<br>■ दोस्रो पटकका लागिरु १० लाख जरिवाना गर्ने।<br>■ माथि उल्लेखित सजाय वा जरिवाना गर्दा समेत अटेर गरी बसेमा वा बारम्बार सोही कार्य दोहोऱ्याएमा रु. १५ लाखभन्दा बढी जरिवाना वा गाम्भीर्यताको आधारमा सस्थाको दर्ता खारेज सम्मको कारबाही गर्ने। |
| ९. | सीमा कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | ■ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने।<br>■ दोस्रो पटकका लागि बचत सङ्कलन र/वा कर्जा प्रवाहमा सीमा तोक्ने।<br>■ तेस्रो पटकका लागि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ३० लाखसम्म जरिवाना गर्ने।<br>■ त्यसपछिका लागि संस्थाको दर्ता खारेज सम्मको कारबाही गर्ने। |
| १० | शङ्कास्पद कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | ■ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने।<br>■ दोस्रो पटकका लागि बचत सङ्कलन र/बा कर्जा प्रवाहमा सीमा तोक्ने।<br>■ तेस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने।<br>■ माथि उल्लेखित सजाय वा जरिवाना गर्दा समेत अटेर गरी बसेमा वा बारम्बार सोही कार्य दोहोऱ्याएमा रु. २० लाखभन्दा बढी जरिवाना वा गाम्भीर्यताको आधारमा संस्थाको दर्ता खारेज सम्मको कारबाही गर्ने। |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाही |
|---|---|---|
| ११. | कार्यान्वयन अधिकारी वा दफा २४ को उपदफा (२) बमोजिमको व्यवस्था भएको नपाइएमा | ■ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने ।<br>■ दोस्रो पटकका लागि बचत सङ्कलन र/वा कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>■ तेस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>■ त्यसपछिका लागि संस्थाको दर्ता खारेज सम्मको कारबाही गर्ने । |
| १२ | सञ्चालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | ■ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने ।<br>■ दोस्रो पटकका लागि बचत सङ्कलन र/वा कर्जा प्रवाहमा सीमा तोक्ने । |
| १३. | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि वा विकासका कार्य नगरेमा | ■ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने/लिखित रूपमा सचेत गराउने ।<br>■ दोस्रो पटकका लागि बचत सङ्कलन र/वा कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>■ तेस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने । |
| १४. | तोकिएका विवरणहरुको अभिलेख नराखेमा वा तोकिएको समयसम्म सुरक्षित नराखेमा | ■ पहिलो पटकका लागि स्पष्टीकरण सोध्ने लिखित रूपमा सचेत गराउने ।<br>■ दोस्रो पटकका लागि बचत सङ्कलन र/वा कर्जा प्रवाहमा सीमा तोक्ने ।<br>■ तेस्रो पटकका लागि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ३० लाखसम्म जरिवाना गर्ने ।<br>■ त्यसपछिका लागि संस्थाको दर्ता खारेज सम्मको कारबाही गर्ने । |

| क्र. सं. | पालना नभएको व्यवस्था | कारबाही |
|---|---|---|
| | सीमा वा शङ्कास्पद कारोबार प्रतिवेदन समयमा नपठाएमा | ▪ ऐनको दफा १० को उपदफा (७) बमोजिम वित्तीय जानकारी इकाईले रु.१० लाखसम्म जरिवाना गर्न सक्ने |

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले कारबाही गर्दा संस्थाको आर्थिक तथा साङ्गठनिक अवस्था, पालनाका लागि भएका प्रयास र उल्लङ्घनको गाम्भीर्यता समेतको विचार गरी प्रभावकारी, आनुपातिक र निरोधात्मक हुने गरी गर्नेछ।

तर उल्लङ्घनको गाम्भीर्यताको विचार गरी ऐनको दफा ७फ. बमोजिमको कुनै वा सबै कारबाही कुनै पनि बखत (पटक नहेरी) गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(५) संस्थालाई यस दफा बमोजिम वा निर्देशनका अन्य व्यवस्था उल्लंघनका सम्बन्धमा कारबाही तथा सजाय हुने अवस्थामा वा त्यस्तो सजाय संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारबाहीको कारणले हुने देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई उल्लंघनको गाम्भीर्यता र नियतगत मनशायलाई समेत विचार गरी सम्बन्धित संस्थाले प्रचलित कानून वा संस्थाको विनियम बमोजिम कारबाही गर्नु पर्नेछ।

तर संस्थाले उक्त कारबाही नगरेमा प्राधिकरणले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई कारबाही गरी त्यसरी कारबाही नगर्ने संस्थाको सञ्चालक वा सम्बन्धित पदाधिकारीलाई परिपालनाको अवस्था, विषयको गाम्भीर्यता र सहकारी संघ/संस्थाको प्रकृति अनुसार रु.१० लाख देखि ५ करोड सम्मको जरिवाना वा पदबाट हटाउने वा दुवै कारबाही गर्न सक्नेछ।

(६) ऐन, नियमावली तथा यस निर्देशनको पालनामा अग्रसर भैरहेको र प्रणालीगत सुधारमा संस्थाले लिएको अग्रसरताका आधारमा संस्थालाई कारबाही वा सजाय गर्नुअघि नियामक निकायले कार्यान्वयन सम्पन्न

गर्न निश्चित समयावधि तोकि वार्षिक कार्ययोजना सहित कार्यान्वयन सम्पन्न प्रतिवेदन पेश गर्न निर्देशन दिन सक्नेछ।

२३. **अनुगमन, निरीक्षण, जाँचबुझ तथा नियमन** :

(१) यस निर्देशनको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि ऐन, नियमावली तथा यस निर्देशनका व्यवस्थाहरु पालना गरे नगरेको वा सो बमोजिम काम कारबाही गरे, नगरेको भन्ने सम्बन्धमा प्राधिकरणले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने जुनसुकै संस्थाको जुनसुकै बखत अनुगमन, निरीक्षण, जाँचबुझ तथा नियमन गर्न गराउन सक्नेछ।

(२) यस निर्देशन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ तथा नियमन गर्दा अनुगमन टोलीले माग गरेको विवरण, कागजात तथा अभिलेख उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(३) अनुगमन, निरीक्षण, जाँचबुझ तथा नियमन टोलीले निर्धारित ढाँचामा प्रतिवेदन बुझाउनु पर्नेछ। यसरी प्रतिवेदन बुझाउँदा संस्थाको कानूनी व्यवस्थाको कार्यान्वयन अवस्था सम्पुष्टि देखिने कागजात, विवरण तथा अभिलेखको प्रतिलिपी र अनुगमन चेक लिष्ट संलग्न गरी बुझाउनु पर्नेछ।

(४) ऐन, नियम र निर्देशनका व्यवस्थाहरु पालना गराउने सन्दर्भमा नियमनकारी निकायबीच आवश्यकतानुसार अन्तर सहयोग, समन्वय र सहकार्य हुनेछ।

(५) यस निर्देशन अनुसार सहकारी संघ/संस्थाहरुले प्राधिकरणमा पठाउनु पर्ने विवरण, प्रतिवेदन तथा कार्ययोजना प्राधिकरणले प्रकाशित गरको सूचना अनुसारको माध्यम प्रयोग गरी पठाउनु पर्नेछ। सो अनुसार प्राधिकरणले सूचना जारी नगरेसम्मका लागि प्राधिकरणको इमेल ठेगाना admin@ncra.gov.np मा पठाउनु पर्नेछ।

२४. **व्याख्या गर्ने अधिकार**: यो निर्देशनको व्याख्या गर्ने अधिकार प्राधिकरणमा रहनेछ।

## अनुसूची–१

## संस्थामा प्राकृतिक व्यक्ति वा सदस्यको पहिचान तथा सम्पुष्टि सम्बन्धी विवरणं (KYM) फारामको ढाँचा

(निर्देशनको बुँदा नं १ (२क.) सँग सम्बन्धित)

क. व्यक्तिगत विवरणः

१. नाम, थर

२. लिङ्गः ❑महिला ❑पुरुष ❑अन्य

३. जन्म मिति

४. नागरिकता प्रमाण-पत्र नं. : ना.प्र.प. जारी भएको जिल्ला र मितिः

५ राष्ट्रिय परिचय पत्र नं. रा.प.प.जारी मितिः

ख. पारिवारिक विवरणः

६. आमाको नाम :

७. बाबुको नाम :

८. वैवाहिक स्थिति : ❑विवाहित ❑अविवाहित ❑एकल

९. पति वा पत्नीको नाम, थर :

१०. परिवारको किसिम

❑ संयुक्त र एकै भातभान्छा ❑ संयुक्त तर अलग भातभान्छा

❑ छुट्टिभिन्न वा एकसरुवा (न्युक्लियर)

ग. पेशाको विवरणः

११. आफ्नो मुख्य पेशा

❑ खेतीपाती ❑ व्यवसाय (खुलाउने.....)

❑ नोकरी (खुलाउने.....) ❑ वैदेशिक रोजगारी (खुलाउने

❑ अन्य (खुलाउने.....)

१२. स्थायी लेखा नम्बरः

१३. पति वा पत्नीको मुख्य पेशा

- ❑ खेतीपाती
- ❑ व्यवसाय (खुलाउने
- ❑ नोकरी (खुलाउने.....)
- ❑ वैदेशिक रोजगारी (खुलाउने.....)
- ❑ अन्य (खुलाउने.....)

१४. आफू, पति वा पत्नीबाहेक परिवारमा अर्को मुख्य कमाउने सदस्य भएको भए

१४.१ नाता

१४.२ पेशा :

- ❑ खेतीपाती
- ❑ व्यवसाय (खुलाउने.....)
- ❑ नोकरी (खुलाउने.....)
- ❑ वैदेशिक रोजगारी। खुलाउने....
- ❑ अन्य (खुलाउने.....)

१५. आफै वा परिवारको कुनै सदस्य उच्च पदस्थ भूमिकामा रहे, नरहेको

- ❑ रहेको
- ❑ नरहेको

१६. आफै वा परिवारको कुनै सदस्य उच्च पदस्थ भूमिकामा भए विवरण

(१) नाम : (२) नाता : (३) पद वा सार्वजनिक भूमिकाः

घ. बसाइँको विवरणः

१७. स्थायी ठेगाना

(१) प्रदेशः (२) महा/उपमहा/न.पा./गाउँपालिकाः (३) वडा

(४) गाउँ/टोल (५) घर न.: (६) सम्पर्क नं

(७) इमेल आई.डीः

१८. अस्थायी ठेगाना

(१) प्रदेशः (२) महा/उपमहा/न.पा./गाउँपालिकाः (३) वडा

(४) गाउँ/टोलः (५) घर नं.:

१९. संस्थाको कार्यक्षेत्रको बसोबास :

- ❑ स्थायी ❑ अस्थायी

२०. मतदाता परिचय पत्र नं.ः

२१. मतदान स्थलः

२२. संस्थाको कार्यक्षेत्रमा वर्षमा बिताउने अवधिः

२३. राहदानी नं. (भएमा)ः

ङ. सहकारी सदस्यताः

२४. संस्थाको सदस्य बन्नुको उद्देश्यः

२५ आफै अर्को सहकारी संस्थाको पनि सदस्य भए, नभएको

- ❑ भएको ❑ नभएको

सदस्य भएको भए विवरण

| सि.नं. | सस्थाको नाम, ठेगाना | सदस्यता नं. |
|---|---|---|
| (१) | | |
| (२) | | |
| (३) | | |
| (४) | | |

आफै अन्य सहकारी संस्थाको पनि सदस्य भएको भए दोहोरो वा बहुसंस्थामा सदस्यताको प्रयोजनः

...... ...... ...... ...... ......

...... ...... ...... ...... ......

...... ...... ...... ...... ......

...... ...... ...... ...... ......

...... ...... ...... ...... ......

...... ...... ...... ...... ......

२६. आफूबाहेक परिवारको सदस्य अर्को सहकारी संस्थाको सदस्य भए, नभएको

❑ भएको ❑ नभएको

भएको भए विवरण

सि.नं. नाम, थर नाता संस्थाको नाम, ठेगाना सदस्यता नं.

(१)

(२)

(३)

(४)

(५)

आफूबाहेक परिवारको सदस्य अन्य सहकारी संस्थाको सदस्य भएको भए दोहोरो वा बहुसंस्थामा सदस्यताको प्रयोजनः

...... ...... ...... ...... ......

...... ...... ...... ...... ......

२७. परिवारको अर्को सदस्य पनि यसै संस्थाको सदस्य भए, नभएको

❑ भएको ❑ नभएको

भएको भए विवरण

सि.न नाम, थर सदस्यता न

(१)

(२)

(३)

**च. आयस्रोतको विवरणः**

२८. वार्षिक पारिवारिक (आफ्नो, पति वा पत्नीको र एउटै भातभान्छाका सदस्यहरूको) आम्दानी (जग्गाको खुद आयस्ता, नोकरीको पारिश्रमिक, व्यवसायको मुनाफा, इत्यादि ।)

- ❑ रु.४ लाखसम्म
- ❑ रु. ४ लाखभन्दा बढी रु १० लाखसम्म
- ❑ रु. १० लाखभन्दा बढी रु. २५ लाखसम्म
- ❑ रु २५ लाखभन्दा बढी रु ५० लाखसम्म
- ❑ रु. ५० लाख भन्दा बढी

२९. रु. ४ लाखभन्दा बढी वार्षिक पारिवारिक आम्दानी भए पछिल्लो आर्थिक वर्षको आय र स्रोतको विवरण

सि.नं. स्रोत रकम (रु.)

(१) खेतीपाती

(२) व्यवसाय

(३) स्वदेशी रोजगारी

(४) वैदेशिक रोजगारी

(५) अन्य (खुलाउने..........)

## छ. वित्तीय कारोबारको विवरण

३०. प्रारम्भमा संस्थामा जम्मा गर्ने वा हालसम्म संस्थामा जम्मा गरिसकेको रकमको विवरणः

| सि नं. | बापत | रकम (रु.) |
|---|---|---|
| (१) | शेयर | |
| (२) | बचत | |
| (३) | अन्य (खुलाउने ......) | |

३१. संस्थाको खातामा अनुमानित रकम

(क) वर्षमा कारोबार गर्ने पटक...

(ख) वर्षिक रूपमा जम्मा गर्ने अनुमानित रकम रु.

३२. सस्थासँग अनुमानित ऋणधनको रकम रु.

३३. अभिलेखमा राख्न योग्य थप विवरणः

......   ......   ......   ......   ......

......   ......   ......   ......   ......

**ज. स्व–घोषणाः**

(१) मैले पेस गरेको यो विवरणमा भविष्यमा कुनै परिवर्तन आएमा त्यस्तो परिवर्तन भएको मितिले ३५ दिनभित्र संस्थामा पेस गर्नेछु ।

२) मैले माथि पेस गरेको मेरो सम्पूर्ण विवरण ठीक, दुरुस्त छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

दस्तखत :

नाम :

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

मितिः

**झ. संलग्न कागजातहरू**

- राष्ट्रिय परिचय पत्रको प्रतिलिपि वा नेपाली नागरिकताको प्रमाणको प्रतिलिपि वा राहदानी प्रमाण पत्रको प्रतिलिपि वा मतदाता परिचय पत्रको प्रतिलिपि वा सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि ।
- सरकारी, सार्वजनिक संस्था तथा संगठित संस्थाका नेपाली कर्मचारीको हकमा निजको कर्मचारी परिचयपत्र वा नेपाल सरकारबाट अनुदान प्राप्त विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका कर्मचारी, शिक्षक वा

प्राध्यापकको हकमा निजको कर्मचारी/शिक्षक/प्राध्यापक परिचयपत्रको प्रमाणित प्रतिलिपि ।

- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।
- अन्य आवश्यक कागजातको प्रतिलिपि ।

ञ. **सिफारिस (दर्ता भएपश्चात हुने सदस्यको हकमा):**

यसमा उल्लेख भएका श्री...................................... लाई म राम्ररी चिन्दछु । निजले मेरो रोहबरमा सहीछाप गरेका हुन् । मैले जानेबुझेसम्म निजले पेस गरेको विवरण ठीक भएकाले निजको निवेदन अनुसार सहकारी संस्थाको सदस्यता प्रदान गर्न सिफारिस गर्दछु ।

| **सिफारिस कर्ता सदस्यको** | **सिफारिस कर्ता सदस्यको** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नामः | नाम : |
| सदस्यता नंः | सदस्यता नं.: |
| मितिः | मितिः |

## अनुसूची–२

सहकारी ऐन, २०७४ को दफा ३० को उपदफा २ बमोजिम

संस्थामा कानूनी व्यक्तिको पहिचान तथा सम्पुष्टि सम्बन्धी विवरण (KYM)

फारामको ढाँचा

(निर्देशनको बुँदा नं १ (२ख.) सँग सम्बन्धित)

१. संस्थाको विवरण :

२. नाम

३. दर्ता नं.:

४. दर्ता मिति :

५. दता गर्ने कार्यालय :

६. नवीकरणको मिति :

७. मुख्य कार्यालयको ठेगाना :

८. संस्थाको मुख्य उद्देश्य :

९. व्यवसाय वा कारोबारको किसिम :

१०. कार्यक्षेत्रः

११. शाखा संख्या र स्थान :

१२. प्यान/भ्याट दर्ता नंः

१३. वार्षिक अनुमानित कारोबारः

१४. पछिल्लो आर्थिक कारोबारको वित्तीय विवरणः

१५. पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण-पत्र वा कर दाखिला विवरण :

१६. सञ्चालक समितिको निर्णयः

१७. सञ्चालक समितिका पदाधिकारी तथा सदस्य, कार्यकारी प्रमुख वा व्यवस्थापन प्रमुख र खाता सञ्चालकको संस्थाको सदस्य हुनको लागि पेस गरेको अनुसूची-१ र अनुसूची-३ बमोजिम पहिचान विवरणः

१८. संस्था वा निकाय स्थापना तथा सञ्चालन गर्न प्रचलित कानूनबमोजिम कुनै विनियम, विधान आवश्यक हुनेमा स्वीकृत विनियम, विधान वा सोही प्रकृतिको अन्य कागजातको प्रतिलिपि र त्यस्तो विनियम, विधान बा कागजात नहुनेको हकमा आधिकारिक पत्रः

१९. संस्थाले आवश्यक ठानेका अन्य विवरणहरूः

## अनुसूची–३

संस्थाको नाम, ठेगाना

जोखिम मूल्यांकनको अद्यावधिक वार्षिक प्रतिवेदन

(निर्देशनको बुदा नं १ (२ग.) र बुँदा ७ (२) र (३) सँग सम्बन्धित)

क. संस्थाको नामः

ख. ठेगाना

ग. दर्ता नं. दर्ता मितिः दर्ता गर्ने कार्यालय

घ. प्यान नं.

ङ. नियामक निकाय :

च. प्रतिवेदन अध्यावधिक साल महिना

छ. सस्थाको कार्यक्षेत्र जम्मा कर्मचारी संख्या

ज. शेयर सदस्य संख्या महिला- पुरुष- अन्य- जम्मा-

झ. पछिल्लो आ.व. को विवरण रकम रु

| | |
|---|---|
| पछिल्लो आ.व. को जम्मा सम्पत्ति | रु. |
| पछिल्लो आ.व. को सदस्यहरुबाट प्राप्त जम्मा बचत | रु. |
| पछिल्लो आ.व. को जम्मा ऋण लगानी | रु. |
| पछिल्लो आ.व. को जम्मा शेयर | रु. |
| पछिल्लो आ.व. को जम्मा नाफा नोक्सान | रु. |

ञ. सम्पत्ति शुद्धीकरण तथा आतकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि जारी गरको मितिः

ट. नीति तथा कार्यविधि अद्यावधिक गरेको मितिः

ठ. जिल्ला वा केन्द्र वा अन्य संघ वा महासंघमा सदस्य भएको भए सोको विवरणः

ड. कार्यान्वयन अधिकारीको नामः फोन नं.ः

इमेलः

ढ. सञ्चालक समितिको जम्मा सदस्य संख्याः

ण. पछिल्लो पटक समितिको निर्वाचन भएको वर्षः

पछिल्लो पटक साधारण सभा भएको मितिः

त. संस्थाले प्रयोग गरेको सफ्टवेयरः

| सि. नं. | विवरण | आ.व. ... | अघिल्लो आ.व. | कैफियत |
|---|---|---|---|---|
| १. | जम्मा सदस्य संख्या | | | |
| २. | पहिचान KYM अद्यावधिक संख्या | | | |
| ३. | पहिचान KYM अद्यावधिक हुन बाँकी संख्या | | | |
| ४. | उच्च जोखिम स्तरका जम्मा सदस्य संख्या | | | |
| | (क) उच्च पदस्थका आधारमा | | | |
| | (ख) कारोबारका आधारमा | | | |
| | (ग) पेशा, व्यवसायका आधारमा | | | |
| | (घ) पहिचान तथ पृष्ठभूमिका आधारमा | | | |
| | (ङ) भौगोलिक क्षेत्रका आधारमा | | | |
| ५. | मध्यम जोखिम स्तरका कूल सदस्य संख्याः | | | |
| | (क) उच्च पदस्थका आधारमा | | | |
| | (ख) कारोबारका आधारमा | | | |
| | (ग) पेशा, व्यवसायका आधारमा | | | |
| | (घ) पहिचान तथ पृष्ठभूमिका आधारमा | | | |
| | (ङ) भौगोलिक क्षेत्रका आधारमा | | | |
| ६. | न्यून जोखिमस्तरका जम्मा सदस्य संख्या : | | | |
| ७. | जोखिमस्तर परिवर्तन भएको सदस्य संख्याः | | | |
| ८. | सीमा कारोबार प्रतिवेदन (TTR) सख्या | | | |
| ९. | शंकास्पद कारोबार (STR) संख्या | | | |

| सि. नं. | विवरण | आ.व. ... | अघिल्लो आ.व. | कैफियत |
|---|---|---|---|---|
| १०. | वास्तविक धनी पहिचान भएको सख्या | | | |
| ११ | बृहत पहिचान गरिएको सदस्य संख्या | | | |
| १२ | आन्तरिक अनुगमन तथा समीक्षा बैठक संख्या | | | |
| १३ | रु १० लाख वा सो भन्दा बढी सीमा कारोबार गर्ने सदस्यः | | | |
| | (क) बचत गर्ने सदस्य संख्या | | | |
| | (ख) शेयर लिने सदस्य संख्या | | | |
| | (ग) ऋण लिने सदस्य संख्या | | | |
| १४ | बार्षिक रु. ३० लाख भन्दा वढी असामान्य वा उच्च आर्थिक कारोबार गर्ने जम्मा सदस्य संख्या : | | | |
| | (क) बचत गर्ने सदस्या संख्या | | | |
| | (ख) शेयर लिने सदस्य संख्या | | | |
| | (ग) ऋण लिने सदस्य संख्या | | | |
| | (घ) विप्रेषण (रेमिटेन्स) वा रकम स्थानान्तरण मनिट्रान्सफर) गर्ने सदस्य संख्या | | | |

**तयार गर्ने**

हस्ताक्षरः

नामः

पदः

मिति

**स्वीकृत गर्ने :**

हस्ताक्षर :

नाम :

पदः

मिति

संस्थाको छाप

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड, २०८२ (दोस्रो संशोधन) बमोजिम जारी गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन

# बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड, २०८२ (दोस्रो संशोधन) बमोजिम जारी गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन

*जारी मितिः २०८३/०३/०८*

सहकारी ऐन, २०७४ को दफा १०३ज. ले दिएको अधिकार प्रयोग गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय (दोस्रो संशोधन) मापदण्ड-२०८२ बमोजिम देहायको निर्देशन जारी गरिएको छ।

क. **सहकारी संस्थाले "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय (पहिलो संशोधन) मापदण्ड-२०८२" को बुँदा नं ३.१ बमोजिम देहाय बमोजिमको विवरण नियमित अध्यावधिक गर्नु पर्नेछ :-**

(१) सम्बन्धित व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिमको मापदण्ड पालनाको स्वघोषणा,

(२) सम्बन्धित व्यक्तिको नाम, थर, ठेगाना, पारिवारिक विवरण, वास्तविक धनी तथा हिताधिकारीको विवरण,

(३) नेपाल वा विदेशमा कुनै कसूरमा संलग्न भए वा नभएको घोषणा र भएको भए सोको विस्तृत विवरण र वर्तमान अवस्था,

(४) कुनै प्रकारको मुद्दा मामिला, अनुसन्धान, वैकल्पिक विवाद समाधानको प्रक्रिया वा न्यायिक वा प्रशासनिक कारबाहीको प्रक्रियामा रहेको लिखित रूपमा जानकारी भएको भए सोको विवरण,

(५) अदालत वा अधिकारप्राप्त अधिकारीको फैसला वा आदेश बमोजिम तिर्नु, बुझाउनु पर्ने राजस्व, सरकारी बाँकी वक्यौता रहे वा नरहेको विवरण,

(६) नेपाल वा विदेशमा कर्जा सम्बन्धी कालोसूचीमा परे वा नपरेको विवरण,

(७) स्वार्थको द्वन्द्व हुन सक्ने अवस्था विद्यमान रहे वा नरहेको विवरण,

(८) सम्बन्धित व्यक्ति नेपाली नागरिक भए निजको नेपाल बाहिर कुनै सम्पत्ति रहे वा नरहेको वा कुनै सम्पत्तिमा वास्तविक धनी वा हिताधिकारी भए वा नभएको घोषणा,

(९) विगतमा संलग्न भएको कार्य, संस्था, प्राप्त भएको जिम्मेवारी, पुरस्कार, सजायको अवस्था, कार्य सफलताको उदाहरण लगायतका विषय खुल्ने सम्बन्धित क्षेत्रको कार्य अनुभव सम्बन्धी विवरण,

(१०) वित्तीय आचरण (फाइनान्सियल साउन्डनेस) सम्बन्धी विवरण ।

ख. **सहकारी संस्थाले "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय (दोस्रो संशोधन) मापदण्ड-२०८२" को बुँदा नं ३.२ बमोजिम देहायको विवरण प्राधिकरणमा दिनुपर्नेछः-**

(१) दर्ता अनुमति वा इजाजतपत्रको निवेदन दिँदा, चुक्ता पूँजीको पाँच प्रतिशत वा पचास लाख रुपैयाँभन्दा बढीको शेयर वा पूँजी लगानी वा खरिद गर्दा,

(२) सूचक संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय पद वा तहमा नियुक्ति वा मनोनयन गर्दा,

(३) पाँच प्रतिशत वा पच्चीस लाख रुपैयाँभन्दा बढीको शेयर वा पूँजीमा वास्तविक धनी वा हिताधिकारी रहँदा ।

नेपाल सरकार

**राष्ट्रिय सहकारी नियमन प्राधिकरण**

पुल्चोक, ललितपुर

सम्पर्क नं.: +९७७-०१-५०१०१३१, ५०१०२३७

E-mail : admin@ncra.gov.np

Website : www.ncra.gov.np